# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष १० | अंक ५१ | काठमाडौं | मंगलबार, ३० जेठ २०८० | Prabhab National Daily | Tuesday, June 13, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


# एमालेभित्र पेलानमा पूर्वमाओवादी



- पूर्वमाओवादी मणि थापा एमालेबाट विदा
- प्रभु साह एमालेबाट अलग भएर आजपा अध्यक्ष
- दावा तामाङ, गौरीशंकर चौधरी, टंक आङ्बुहाङ, श्रीजबेगूलगायत गुमनाम
- टोपबहादुर रायमाझी शरणार्थी काण्डले हिरासतमा
- पूर्वगृहमन्त्री रामबहादुर थापा निस्क्रिय

■ **जेबी योञ्जन**

**काठमाडौं–** नेपाली कम्युनिस्ट आन्दोलनको मियो बन्न सक्ने भन्दै एमालेमा गएका पूर्वमाओवादी नेताहरूको 'हरिबिजोग' भएको छ । उनीहरू गुमनाम पनि छन् । कोही भने अलग भइरहेका छन् ।

एमालेबाट हालै 'बिदा भएँ' भनेका पार्टी स्थायी कमिटी सदस्यसमेत रहेका पूर्वमाओवादी नेता मणि थापाले एमालेमा अध्यक्ष केपी शर्मालाई प्रश्न गर्नै नहुने स्थिति पाइएको बताए । उनका अनुसार प्रश्न गरिए छ महिनासम्म पार्टीबाट किनारा लाग्नुपर्छ । अर्थात् ओलीको आलोचना एमालेमा गर्न पाइँदैन ।

गत वर्ष काभ्रेमा आयोजित एक कार्यक्रममा पार्टीको मूल नेतृत्व दक्षिणपन्थमा अग्रसर भएको भन्दा त्यहीँदेखि आफूलाई 'तपाईं कडा बोल्नुहुन्छ' भन्दै ओलीले काम गर्ने वातावरण खुम्च्याइदिएको थापाले बताए ।

'पुष्पकमल दाहाल त बैठकमा तपाईंहरूको के छ भनेर विचार सुन्थे । उनी एक ढंगले लोकतान्त्रिक थिए । फेरि, हामी त युद्ध त आयौं । चित्त नबुझ्दा नेतृत्वमाथि प्रश्न गर्ने र आक्रोश पोख्थ्यौं,' उनले प्रभावसँग भने, 'तर, ओली आफ्नो कुरा घण्टौं राख्छन् । अरुका सुन्दैनन् ।'

५ पुस २०७७ मा नेकपा अध्यक्षसमेत रहेका प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधिसभा विघटन गरेपछि तत्कालीन नेकपामा रहेका पूर्वमाओवादी नेताहरू थापा, रामबहादुर थापा, टोपबहादुर रायमाझी, लेखराज भट्ट, दावा तामाङ, प्रभु साह, गौरीशंकर चौधरी, टंक आङ्बुहाङ, श्री जबेगूलगायत ओली कित्तामा पुगेका थिए । (बाँकी पृष्ठ २ मा)

### प्रस्तावित प्रधानन्यायाधीशविरूद्ध आरोप

# कार्यकर्ता एमालेको, प्रवृत्ति पदलोलुप



- कार्कीविरूद्ध संसदीय सुनुवाइ समितिमा २९ वटा उजुरी
- सबैभन्दा बढी दलको कार्यकर्ता भएको र अस्थिर चरित्र भएको आरोप
- साउनको १९ गते नै सर्वोच्चबाट अनिवार्य अवकाश पाउने कार्कीको सुनुवाइ ३२ जेठमा हुने

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** प्रस्तावित प्रधानन्यायाधीश हरिकृष्ण कार्कीविरुद्ध संसदीय सुनुवाइ समितिमा उजुरीका चाङ लागेको छ । जेठ १७ देखि १० दिनको समय दिएर कार्कीविरुद्ध समितिले उजुरी आह्वान गर्दा २९ वटा उजुरी परेका छन् । उजुरीमा उनी एमाले कार्यकर्ता भएको आरोपदेखि पदलोलुप प्रवृत्तिका व्यक्ति भएकोसमेत आरोप लगाइएको छ ।

विभिन्न रेकर्डअनुसार उनी अस्थिर चरित्रका भएकाले प्रधानन्यायाधीशको जिम्मेवारी नदिनसमेत उजुरीमा माग गरिएको छ । 'महान्यायाधिवक्तामा पनि चार महिना २० दिनमात्र काम गरी प्रधानमन्त्रीको कार्यकाल बाँकी रहँदै फेरि न्यायाधीश बनेको रेकर्डले उनमा पदलोलुप र अस्थिर चरित्र रहेकोले अनुमोदन गरी पाउँ,' जिल्ला न्यायाधीश डा. श्रीकृष्ण भट्टराईले दिएको उजुरीमा उल्लेख छ । सोमबार संसदीय सुनुवाइ समितिको बैठकमा उजुरीबारे सामान्य छलफल भएको थियो ।

### पदलोलुपता र अस्थिर

जिल्ला न्यायाधीश डा. भट्टराईले हालेको उजुरीमा कार्की पदलोलुप रहेको आरोप लगाइएको छ । नेपाल बार एसोसिएसनका अध्यक्ष रहेका व्यक्ति पदावधि पूरा नगरी महान्यायाधिवक्ता बन्न गएको र त्यहाँबाट पनि काम पूरा नगरी न्यायाधीश बन्न गएको भट्टराईको उजुरीमा उल्लेख छ ।

'हरिकृष्ण कार्की महान्यायाधिवक्ता हुनुपूर्व २०६६-६९ को कार्यकालका लागि दलको टिकटबाट चुनाव लडी प्रेमबहादुर खड्कासँग पराजित भई पुनः २०६९-७२ को कार्यकालका लागि पनि दोहोर्‍याएर वाम गठबन्धनको टिकट पाई बारको अध्यक्षमा चयन भएकोमा उक्त पदको कार्यकाल पूरा नगरी बीचैमा राजीनामा दिई महान्यायाधिवक्ता बन्न गएको देखिन्छ,' उनको उजुरीमा भनिएको छ, 'महान्यायाधिवक्तामा पनि चार महिना २० दिनमात्र काम गरी प्रधानमन्त्रीको कार्यकाल बाँकी रहँदै फेरि न्यायाधीश बनेको रेकर्डले उनमा पदलोलुप र अस्थिर चरित्र रहेकोले अनुमोदन नगरी पाउँ ।'

ओली सरकारको समयमा अग्नि खरेल कानुन मन्त्री छँदा कार्की महान्यायाधिवक्ता बनेका थिए । महान्याधिवक्ताबाट भने ओलीले उनलाई हटाएको बताइन्छ ।

### एमाले कार्यकर्ता भएको आरोप

फ्रिडम फोरमका सदस्य केदार दाहालले दिएको उजुरीमा कार्की एमाले कार्यकर्ता रहेको उल्लेख गरिएको छ । 'मैले हाल सिफारिस व्यक्ति हरिकृष्ण कार्कीलाई नेकपा एमालेको सक्रिय कार्यकर्ताको रूपमा चिनेको थिएँ । उहाँ पार्टीको वकिल विभागको राजनीतिमा सक्रिय रहेको, चुनावमा उठेको, हारेको सुनेको थिएँ । फेरि एमाले र माओवादीको संयुक्त प्यानलबाट चुनाव जितेको पनि कताकता सुनेको थिएँ,' उक्त उजुरीमा भनिएको छ, 'यसरी कुनै पार्टीको सक्रिय राजनीतिमा रही काम गरी बिटुलिएको मानिस कसरी सर्वोच्च अदालतजस्तो न्यायको मन्दिरमा न्यायाधीश नियुक्त हुनसक्छ भनी आश्चर्यमा परें ।'

### चोलेन्द्रलाई न्याय नदिनेले जनतालाई न्याय देला ?

उजुरीकर्ताले उनको कार्यक्षमता र न्यायिक निरूपणबारे (बाँकी पृष्ठ २ मा)

**सन्दर्भ : वैदेशिक रोजगार**

# पाँच सय महिलालाई निःशुल्क आवासीय तालिम




■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारले वैदेशिक रोजगारीका लागि जान चाहने महिलाको सीप तथा दक्षता अभिवृद्धि गर्ने उद्देश्यले एक महिने निःशुल्क आवासीय तालिम सञ्चालन गर्ने भएको छ । वैदेशिक रोजगार बोर्ड सचिवालयले पहिलो चरणमा रोजगारीका लागि विदेश जाने तयारीमा रहेका ५०० महिलालाई असार पहिलो साताबाट सिलाइकटाइसम्बन्धी गार्मेन्ट मेसिन अपरेटरको निःशुल्क आवासीय तालिम दिन लागेको हो ।

गार्मेन्टको मेसिन सञ्चालन गर्न तथा सिलाइकटाइसम्बन्धी सीप सिक्न चाहने देशैभरिका महिलालाई राजधानीमा निःशुल्क आवासीय तालिम प्रदान गर्न लागिएको बोर्डले जानकारी दिएको छ । निःशुल्क आवासीय तालिम सञ्चालनका लागि बोर्डले टेण्डर आह्वान गरी तालिमप्रदायक संस्थाको नामावली सार्वजनिक गरेको छ । बोर्डले तय गरेको मापदण्ड पूरा गरेका नौ वटा संस्था तालिम सञ्चालनका लागि छनोट भएका छन् । जसमा एक्सन फर डेभलपमेन्ट प्रालि, एलायन्स फर सोसियल मोबिलाइजेसन प्रालि, सिमेका ह्युमन रिसोर्स एकेडेमी, एफ-स्किल प्रालि, जेनियस मल्टी टेक्निकल इन्स्टिच्युट, नवरत्न टेक्निकल ट्रेनिङ इन्स्टिच्युट, ट्रेड लिंक टेक्निकल ट्रेनिङ इन्स्टिच्युट, युनाइटेड टेक्निकल ट्रेनिङ एजुकेसनल प्रालि र वर्ल्डलिंक टेक्निकल ट्रेनिङ इन्स्टिच्युट रहेका छन् ।

छनोटमा परेका संस्थाले बोर्डले तोकेको बजेट सीमाभित्र रही असार पहिलो हप्ताबाट तालिम सञ्चालन गर्ने बोर्डका कार्यकारी निर्देशक डा. द्वारिका उप्रेतीले बताए । 'निःशुल्क तालिम र निःशुल्क वैदेशिक रोजगारीको तयारीस्वरूप हामीले महिलाहरूलाई तालिमको अवसर दिन लागेका हौं,' उनले भने, 'अन्य विकल्प नभएसम्म वैदेशिक रोजगारी नै अहिलेको प्राथमिकता भएका कारण बोर्डको अनुदानमा सीप विकास तालिम सञ्चालन हुन लागेको हो ।'

एक महिने यो तालिम लिएका महिलाहरूले अन्य देशमा पनि रोजगारीको अवसर पाउने भन्दै उनले विशेषगरी सिलाइकटाइको कामका लागि जोर्डन जान चाहनेका लागि बढी उपयुक्त हुने बताए । त्यसैले जोर्डन जाने तयारीकासाथ पासपोर्ट लिएका वा पासपोर्ट लिने प्रक्रियामा रहेको रसिदसहित इच्छुक महिलाले निःशुल्क तालिममा सहभागिता जनाउनसक्ने उप्रेतीले जानकारी दिए ।

सीमित बजेट र उपकरणको उपलब्धतालाई हेरेर सबैलाई पायक पर्ने र केन्द्रबिन्दु भएकाले काठमाडौंमा नै पहिलो चरणको तालिम सञ्चालन गर्न लागिएको बोर्डका निर्देशक एवं सूचना अधिकारी राजन पौडेलले बताए । नेपालमा सिकेको जानेको सिलाइबुनाइ र कटिङले विदेशमा काम नगर्ने हुँदा सोहीअनुरूपको तालिम सञ्चालन गरी महिलाहरूलाई दक्ष बनाउने लक्ष्यका साथ निःशुल्क आवासीय तालिम सञ्चालन गर्न लागिएको पौडेलले बताए ।

पौडेलका अनुसार तालिममा सहभागी हुन चाहने महिलाको उमेर समूह १८ देखि ३५ वर्ष र न्यूनतम कक्षा आठ उत्तीर्ण गरेको हुनुपर्नेछ । तालिम लिन चाहने महिलालाई बोर्डको सचिवालय वा सूचनामा दिइएको तालिम प्रदायक संस्थाहरूमा सम्पर्क गर्न आग्रह गरिएको छ । त्यस्तै सुरक्षित आप्रवासन कार्यक्रम (सामी) अन्तर्गत पनि विभिन्न जिल्लामा निःशुल्क आवासीय सीप तालिम कार्यक्रम सञ्चालन हुँदै आइरहेको बोर्डले जनाएको छ ।

## व्यक्तिगत भिसामा युएई जान कडाइ

**काठमाडौं (प्रस)–** सरकारले व्यक्तिगत भिसामा युनाइटेड अरब इमिरेट्स (युएई) जान कडाइ गर्ने भएको छ । विगत केही समयदेखि नेपालबाट व्यक्तिगत श्रम स्वीकृति लिई युएई जाने र विभिन्न कारणले ठगीमा पर्ने गरेको उल्लेख गर्दै युएईस्थित नेपाली दूतावासले कडाइ गर्ने जनाएको हो ।

व्यक्तिगत श्रम स्वीकृति लिएर युएई जाने नेपाली श्रमिकहरू विभिन्न कारणले ठगीमा परेका र करार सम्झौतामा उल्लेख भएअनुसारको तलब तथा सेवासुविधा नपाएको गुनासो आउने गरेकोप्रति दूतावासको ध्यानाकर्षण भएको जनाएको छ ।

यसै सन्दर्भमा व्यक्तिगत भिसा प्रमाणीकरणलाई थप व्यवस्थित, सुरक्षित र मर्यादित बनाउन आवश्यक भएकाले सम्बन्धित निकायको निर्देशन अनुसार भिसा दिने दूतावासले उल्लेख गरेको छ । जसअन्तर्गत पहिलो एकाघरका परिवारको सदस्य खुल्ने स्थानीय तहबाट भएको नाता प्रमाणितको कागजातलाई कन्सुलर सेवा विभागबाट प्रमाणीकरण भएको आधारमा भिसा प्रमाणीकरण गरिने छ भने अर्को एक समय युएईमा काम गरेका पूर्वकामदारको हकमा भिसा प्रमाणीकरण हुने दूतावासले प्रस्ट पारेको छ ।




# अझै चार दिन लूको सम्भावना

**काठमाडौं (प्रस)**– विगत केही दिनदेखि देशका अधिकांश भू-भागहरू विशेषगरी मध्य तथा पश्चिमी भू-भागमा अधिकतम तथा न्यूनतम तापक्रम वृद्धि भइरहेको देखिन्छ । काठमाडौं उपत्यकालगायत देशका अन्य उपत्यकाहरूमा पनि तापक्रममा वृद्धि भएको देखिन्छ। देशका मध्य तथा पश्चिम तराईका भू-भागमा लगातार अधिकतम तापक्रम ४० डिग्री सेल्सियस वा सोभन्दा बढी मापन भएको छ ।

मौसम पूर्वानुमान महाशाखाले आगामी केही दिनसम्मका लागि देशभरको तापक्रमको अवस्थाको विश्लेषणअनुसार सुदूरपश्चिम, लुम्बिनी र गण्डकी प्रदेशको तराईका धेरैजसो भू-भागहरूमा अत्यधिक गर्मीको सम्भावना अझै रहने जनाएको छ ।

साथै, बागमती प्रदेशको तराईका भू-भाग र मधेस प्रदेशको पश्चिमी भू-भागमा थोरै तापक्रम घटे पनि अत्यधिक गर्मीको सम्भावना यथावत् रहने देखिएको छ । महाशाखाले ती भू-भागहरूमा आगामी चार दिन (जेठ ३० देखि असार १ गते) सम्म तातो हावा तथा लूको सम्भावना यथावत् रहने देखिएकाले सोबाट बच्न आवश्यक सतर्कता अपनाउन हुन अनुरोध छ ।

## कार्यकर्ता एमालेको...

पृष्ठ १ बाट जारी

पनि प्रश्न उठाएका छन् । पूर्वप्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरालाई सर्वोच्च अदालतमा हाजिर हुन रोक लगाएका भन्दै कार्कीविरुद्ध महादेव बरालले प्रश्न उठाएका छन् ।

'आफ्नै प्रन्यालाई त न्याय दिन नसक्ने उहाँले जनताको विषयमा कस्तो न्याय दिनुहोला,' बरालले भनेका छन् । महाअभियोग दर्ता भएपछि पूर्वप्रधानन्यायाधीश जबरा निलम्बनमा परेका थिए । महाभियोग टुंगिन नपाउँदै संसद्को पाँच वर्षे कार्यकाल सकिएपछि संसद्का महासचिवले जबरालाई क्लिन चिट दिएको पत्र थमाएका थिए ।

### अपराधमा संलग्न रहेको आरोप

ललितपुरका हरिबहादुर तामाङले प्रस्तावित प्रधानन्यायाधीश अपराध कर्ममासमेत संलग्न रहेको आरोप लगाएका छन् । मदन भण्डारी र जीवराज आश्रित दुर्घटना प्रकरणको छानविन समितिमा रहेका कार्कीले सत्यतथ्य लुकाएको उक्त उजुरीमा उल्लेख छ । 'प्रतिवेदन लुकाएको छ । अमर लामा बेहोस बनाएर मदन र जीवराजको हत्या गरेको कुरामा विवाद छैन । अर्को तथ्य छानविन आयोगमा हरिकृष्ण कार्की, अग्नि खरेल र निजहरूका निकट विश्वासको पात्र रहनु यिनीहरूको इसारा आयोगले काम गर्नु प्रतिवेदन लुकाउनुको कारणले पनि यिनीहरू आपराधिक समूहका नाइके भएकोमा विवाद छैन,' तामाङको उजुरीमा भनिएको छ ।

### "वरिष्ठ अधिवक्ता बन्न रोके"

कार्कीविरुद्ध परेको अर्को उजुरी छ- वरिष्ठ अधिवक्ता नबनाएको भन्ने । अधिवक्ता उत्तमबहादुर श्रेष्ठले आफूलाई वरिष्ठ अधिवक्ताका लागि सहमति नजनाएको भन्दै उजुरी दिएका हुन् । 'वरिष्ठ अधिवक्ता प्रदान गर्ने सन्दर्भमा ५० थानभन्दा बढी फैसला राखी निवेदन दिँदा पनि तपाईं हरिकृष्ण कार्कीले सहमति जनाउनुभएन,' श्रेष्ठले आरोप लगाएका छन् ।

### सुनुवाइ कहिले ?

संसदीय सुनुवाइ समितिले प्रस्तावित प्रधानन्यायाधीश कार्कीविरुद्ध जेठ ३२ गते सुनुवाइ गर्ने भएको छ । अघिल्लो दिन ३१ गते उजुरी दिएकालाई बोलाउने कार्यतालिका समितिको सोमबारको बैठकले तय गरेको छ ।

असार १ गते कार्कीबारे टुंगो लाग्ने बताइएको छ। वैशाख २५ को संवैधानिक परिषद्को बैठकले कायम मुकायम प्रधानन्यायाधीश कार्कीलाई प्रधानन्यायाधीशका लागि सिफारिस गरेको थियो । कार्कीको कार्यकाल १९ साउनसम्म कायम रहने छ ।

## एमालेभित्र पेलानमा...

पृष्ठ १ बाट जारी

२३ फागुन २०७७ मा न्यायाधीशद्वय बमकुमार श्रेष्ठ र कुमार रेग्मीको संयुक्त इजलासले नेकपाको नामसम्बन्धी विवाद निरूपण गर्ने क्रममा ऋषि कट्टेलको पार्टीको नामलाई वैधानिकता दिएपछि नेकपा विघटन भई एमाले र माओवादी ब्युँतिदा उनीहरू एमालेमै रहे ।

ओलीले त्यसबेला उनीहरूलाई मन्त्री पद बाँडेका थिए । थापा पनि खानेपानीमन्त्री भए । उनै पूर्वमन्त्रीसमेत रहेका थापा भन्छन्, 'त्यसबेला हामी थुप्रै पूर्वमाओवादीले नेकपाको मूल खेमा ओलीले नेतृत्व गरेको नेकपा भनेर एकताबद्ध भयौं । एमालेबाटै नेपाली कम्युनिस्ट आन्दोलन उचाइमा पुग्छ भन्ने लागेको थियो तर त्यस्तो देखिएन । बिदा लिएँ ।'

हाल पूर्वमाओवादी नेताहरूमध्ये टोपबहादुर रायमाझी चर्चित शरणार्थी काण्डका मुख्य योजनाकारको आरोपमा प्रहरी हिरासतमा छन् । उनी एमालेसचिव हुन् ।

पार्टीका उपाध्यक्ष रहेका पूर्वमाओवादी नेता रामबहादुर पनि यही काण्डमा मुछिएका छन् । श्रीमती तथा सांसद नैनकला थापाको नाम शरणार्थी काण्डमै जोडिएको छ ।

पार्टीसचिव लेखराज भट्टलाई एमालेकै कर्णबहादुर थापा पक्ष र नेता भीम रावल पक्षले सुदूरपश्चिममा स्वीकार गरेका छैनन् । गत वर्षको ४ मंसिरमा निर्वाचन भट्टले थापा र रावल पक्षको प्रत्यक्ष भूमिका रहेको प्रमाण नै फेला परेको विवरण सार्वजनिक भएको थियो । यसरी भट्ट एमालेभित्रकै दुई टिमको पेलानमा परेका छन् र जसले उनको राजनीतिक भविष्य संकटमा परेको चर्चा चल्दै आएको छ ।

यहीबीच भट्टराई आफ्नै पूर्वनेता दाहालले कैलाली जाँदा भेटेका थिए । पूर्वमाओवादी नेता प्रभु साह त मणि थापाभन्दा अघि एमालेबाट अलग भएका हुन् । उनी हाल आम जनता पार्टी (आजपा) नेपालका अध्यक्ष छन् । दाहाल नेतृत्वको माओवादीमा उनी आउन लागेको चर्चा छ ।

एमालेमा गएका पूर्वमाओवादी नेताहरू दावा तामाङ, टंक आङ्बुहाङ, श्री जबेगूलगायत भने गुमनाम छन् । ओलीले उनीहरूलाई जनतासँग जोडिने गरी क्रियाशील भूमिका दिएका छैनन् । सोही कारण उनीहरू गुमनाममा रहेको एमालेका गएका अर्का एक जना पूर्वमाओवादी नेता बताउँछन् ।

'हामी पूर्वमाओवादीहरूको स्कुलिङ भिन्नै हो । एमाले नेताहरूको भिन्नै । पहिलो त स्कुलिङमा तादम्यता भएन र अर्को जनतासँग जोड्न क्रियाशील भूमिका खासै छैन,' उनले भने, 'स्वार्थभन्दा पनि आन्दोलनलाई सफल बनाउन भनेर आइयो । तर, सोचेजस्तो छैन ।'

तत्कालीन एमालेमा नेता माधवकुमार नेपाल पक्षबाट '१० भाइ' आउनुभन्दा पहिले नै पूर्वमाओवादी नेताहरू एमालेमा आएका थिए । दुवैतिरबाट आएका नेताहरूमाथि ओलीले अघोषित रूपमा जिम्मेवारीका आधारमा विभेद गरेका एमालेबाट बिदा लिएका नेता थापाले बताए ।

उनी भन्छन्, 'एमाले सिंगो पार्टी हुन सकेन । त्यहाँ पूर्वमाओवादी, १० भाइ र ओली टिम भए । भावनात्मक रूपमा मिलन भएको छैन ।'

पूर्वमाओवादी नेताहरू १० वर्षे जनयुद्ध लडेर आएका हुन् । २०५२ सालदेखि दाहाललाई साथ दिएका उनीहरू २५ वर्षपछि दाहालविरुद्ध नै प्रश्न उठाउँदै ओलीको दल एमाले गएका थिए ।


त्यसक्रममा दाहालले तत्कालीन सांसदको हैसियतमा रहेका लेखराज भट्ट, टोपबहादुर रायमाझी, प्रभु साह र गौरीशंकर चौधरीलाई सांसद पदबाट हटाइदिएका थिए ।

उनीहरू सांसद पदमा पुनर्वहालीको माग गर्दै सर्वोच्च पुगे तर उनीहरूको सांसद पद थमौती सर्वोच्चले गरी दिएन । एकातिर सांसद पद गुमाएर त्यसरी एमाले भएका उनीहरू पछिल्ला दिनमा ओलीको कार्यशैली मात्रै होइन, अभिव्यक्तिहरूले असन्तुष्ट छन् ।

ओलीले फागुन १ लाई राष्ट्रिय उत्सवको रूपमा 'जनयुद्ध दिवस' मनाउन नसकिने बताउँदै आएका छन् । यसप्रति पूर्वमाओवादी नेताहरूले चित्त दुखाउँदै आएका छन् । प्रभुदेखि मणि थापासम्म एमालेबाट अलग हुनुको एउटा कारण जनयुद्धप्रतिको असान्दार्भिक ओली अभिव्यक्ति पनि हो ।

### आठ वर्षे स्वास्थ्य योजना

# आधारभूत स्वास्थ्य सेवा निःशुल्क




**काठमाडौं (प्रस)**– सरकारले स्वास्थ्य सेवाबाट निःशुल्क आधारभूत स्वास्थ्य सेवा सुनिश्चित गर्ने भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सार्वजनिक गरेको आठ वर्षे 'नेपाल स्वास्थ्य क्षेत्र रणनीतिक योजना (२०७९/८०-२०८७/८८)' ले प्रत्येक नागरिकको स्वास्थ्य अवस्था सुधार ल्याउनका लागि संघ, प्रदेश र स्थानीय तहमा रहेका स्वास्थ्य संस्थाबाट निःशुल्क आधारभूत स्वास्थ्य सेवा प्रवाहको सुनिश्चित गर्ने उल्लेख गरिएको छ । त्यसका लागि संघ र प्रदेश सरकारले स्थानीय तहलाई स्रोत सुनिश्चितता र प्राविधिक सहयोग गर्ने रणनीति लागू गरेको छ ।

मन्त्रालयका नीति तथा योजना महाशाखाका प्रमुख डा. कृष्णप्रसाद पौडेलले भर्खरैमात्रै मन्त्रिपरिषद्ले स्वीकृत गरेको रणनीतिक योजनाले स्वास्थ्य क्षेत्रमा परिवर्तन ल्याउने बताए । उनले दिगो विकास लक्ष्य प्राप्त गर्न मार्गचित्रका रूपमा रणनीतिक योजना रहेकाले चाँडै नै कार्यान्वयन गर्ने बताए । 'दिगो विकास लक्ष्य हासिल गर्न रणनीतिक योजना महत्त्वपूर्ण हुन्छ,' उनले भने, 'यसलाई तीन तहमा कार्यान्वयन गरेर दिगो लक्ष्य प्राप्त गर्नेछौं ।'

रणनीतिक योजनामा प्रत्येक नागरिकलाई उच्चतम गुणस्तरको स्वास्थ्य सेवा लिन सक्ने वातावरण सिर्जना गर्न र संघ, प्रदेश र स्थानीय तहमा स्वास्थ्य प्रणालीलाई सुदृढ गर्दै स्वास्थ्यमा सामाजिक सुरक्षाका लागि बहुक्षेत्रीय अवधारणा र नागरिकको भूमिकालाई थप महत्त्व दिइएको छ ।

यसैगरी, रणनीतिक योजनामा तीनै तहका स्वास्थ्य संस्थामा स्तरीयता कायम गर्दै जनसंख्या र भौगोलिक अवस्थितिका आधारमा स्वास्थ्य संस्थाहरूको स्थापना, स्तरोन्नति र स्थानान्तरण गर्ने पद्धति लागू गर्ने, स्वास्थ्यजन्य उपकरण र अन्य सामग्रीको मर्मतसम्भारका लागि संघ र प्रादेशिक तहमा उपकरण चेकजाँच स्थल सञ्चालन गर्ने, औषधि, निदानात्मक सामग्री र उपकरणको प्राविधिक स्पेसिफिकेसन अद्यावधिक गर्दै सोको सबै तहमा प्रयोग गरी एकरूपता र गुणस्तरीयता सुनिश्चित गर्ने उल्लेख गरिएको छ ।

यसैगरी, अत्यावश्यक औषधि, निदानात्मक र स्वास्थ्यजन्य सामग्री स्वदेशमै उत्पादन प्रवर्द्धन र विस्तार गर्ने, सबै तहमा खोप औषधि र औषधिजन्य सामग्रीको मापदण्डबमोजिम गुणस्तरीय भण्डारण र कोल्ड चेनको क्षमता विस्तार गर्ने, सबै तहमा औषधि र औषधिजन्य सामग्रीको नियमित बफर स्टक कायम गर्नाका साथै उचित भण्डारण र विवरणको अभ्यास गर्ने रणनीतिक योजनामा उल्लेख गरिएको छ ।

यस्तै, स्वास्थ्य समस्याको निदान र उपचारका लागि क्रमिकरूपमा कृत्रिम विद्वतासमेतको अवलम्बन गर्ने उल्लेख गरिएको छ । यसैगरी, रणनीतिक योजनामा स्वास्थ्यमा व्यक्तिको लगानी वृद्धि गरिने उल्लेख गरिएको छ । योजनाले स्वास्थ्य लगानी ८७ अमेरिकी डलर पुऱ्याउने लक्ष्य राखिएको छ । 'कम आय हुने हाम्रोजस्तो मुलुकमा स्वास्थ्यमा अपेक्षित प्रतिफल प्राप्त गर्नका लागि सरकारी लगानी प्रतिव्यक्ति ८६ अमेरिकी डलर आवश्यक पर्ने तथ्यांकले देखाएको छ । तर, नेपालमा हाल सरकारी लगानी प्रतिव्यक्ति १७.३ अमेरिकी डलरमात्र रहेको छ,' रणनीतिक योजनामा उल्लेख गरिएको छ ।

यसैगरी, सहरी र ग्रामीण क्षेत्रमा सेवाको पहुँचबाहिर रहेका बस्ती तथा समुदाय पहिचान गरी लक्षित वर्गको आवश्यकताअनुरूप स्वास्थ्य सेवा प्रवाह गर्ने, गाउँघर क्लिनिक सामुदायिक स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका, स्वास्थ्य आमा समूहजस्ता विद्यमान सामुदायिक स्वास्थ्य प्रणालीलाई थप क्रियाशील बनाउँदै विशेष परिस्थितिमा घरैमा स्वास्थ्य सेवाको अवधारणा अवलम्बन गर्ने, सहरी र ग्रामीण क्षेत्रमा सेवाको पहुँचबाहिर परेकामा बस्ती तथा समुदाय पहिचान गरी लक्षित वर्गको आवश्यकताअनुरूप स्वास्थ्य सेवा प्रवाह गर्ने उल्लेख गरिएको छ ।

यसैगरी, प्रयोगशाला र रेडियोलोजी जस्ता निदानात्मक सेवामा स्वदेशी क्षमता अभिवृद्धि गर्ने, विशेषज्ञ तथा विशिष्टीकृत मेडिकल तथा सर्जिकल सेवाको विस्तार गर्ने, कोही पछाडि नछुटून् भन्ने अवधारणालाई आत्मसात गर्दै सेवाको पहुँच नपुगेका समुदाय लक्षित विशेष कार्यक्रम कार्यान्वयन सञ्चालन गरिने रणनीतिक योजनामा उल्लेख छ ।

# दर्ताविना सञ्चालित दुई अस्पतालमा ताला

**काठमाडौं (प्रस)**– दर्ताविना सञ्चालनमा रहेका दुईवटा अस्पतालमा काठमाडौं महानगरपालिकाले ताला लगाएको छ । महानगरको वडा नम्बर-६ बौद्धमा रहेको चाइनिज पिपुल्स अस्पताल र वडा नम्बर- ३२ कोटेश्वरमा रहेको सहयात्री अस्पतालमा महानगरको जनस्वास्थ्य विभागले ताला लगाएको हो ।

स्वास्थ्यजस्तो संवेदनशील संस्था दर्ता नै नगरी सञ्चालन गरेको पाएपछि ताला लगाएर बन्द गरिएको जनस्वास्थ्य विभागका प्रमुख रामप्रसाद पौडेलले बताए ।

उनले भनेका छन्, 'मानिसको बाँच्न पाउने अधिकारसँग जोडिएको क्षेत्र हो । यसमा हुने सानातिना त्रुटि र लापारबाहीले मानिसको मृत्यु हुन सक्छ । गलत औषधिको प्रयोगले जीवन अझ अस्वस्थ्य हुन्छ ।'

दर्ता नगरी अस्पताल सञ्चालन गर्नुलाई सरकार र नागरिकप्रति गैरजिम्मेवारीपनको पराकास्टाको रूपमा पौडेलले टिप्पणी गरे ।

बन्द गरिएका दुवै अस्पताल १५/१५ शयचाका हुन् । चाइनिज पिपुल्स अस्पतालमा अक्युपञ्चर र पाइल्सको उपचारका लागि बिरामी जाने गरेका थिए । सहयात्रीमा गर्भपतनसम्बन्धी सेवा दिने गरिएको थियो । महानगरले लक्षित वर्गलाई उपलब्ध गराउनुपर्ने सेवाको नियमित निगरानी र अनुगमन गर्दै आएको छ ।

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

जेठ ३० गते २०८०, मंगलबार

| | |
|---|---|
| मेष | राजनैतिक कार्यमा पनि सफलता मिल्नेछ । |
| वृष | एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । |
| मिथुन | नजिकको व्यक्तिबाट कार्य पुरा हुनेछ |
| कर्कट | अरुले आलोचना पनि गर्न सक्छन् । |
| सिंह | आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । |
| कन्या | आदर्श व्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ । |
| तुला | धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । |
| वृश्चिक | स्वास्थ्यमा गडबडी भई दैनिक कामकाजमा |
| धनु | असर पर्नसक्छ |
| मकर | पार्टी पिकनिक तथा सेमिनारमा सहभागी भइएला । |
| कुम्भ | परोपकारमा रुचि बढ्नेछ । |
| मीन | कूटनीतिक नियोगको सहयोग मिल्ला । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्यास्म्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

जेठ ३० गते, २०८०, १३ जुन, २०२३

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३०.६३ | १३१.२३ |
| युरो | १ को | १४३.९८ | १४४.६४ |
| पाउन्ड स्टिर्लङ | १ को | १६४.२५ | १६५.०१ |
| स्विस फ्रैन्क | १ को | १४६.०८ | १४६.७५ |
| अस्ट्रेलियन डलर | १ को | ८६.३२ | ८६.७२ |
| क्यानाडियन डलर | १ को | ९६.३९ | ९६.८३ |
| सिंगापुर डलर | १ को | ९७.८६ | ९८.३१ |
| जापानी येन | १० को | ९.५८ | ९.६३ |
| चिनियाँ युआन | १ को | १८.९० | १८.९९ |
| साउदी अरब रियाल | १ को | ३४.८३ | ३४.९९ |
| कतारी रियाल | १ को | ३५.८३ | ३५.९९ |
| थाई भाट | १ को | ३.८३ | ३.८५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३५.५७ | ३५.७४ |
| मलेसियन रिंगेट | १ को | २९.२९ | २९.४२ |
| दक्षिण कोरियन वन | १०० को | ९.७६ | ९.८१ |
| स्विडिस क्रोनर | १ को | १२.७३ | १२.७९ |
| डेनिस क्रोनर | १ को | १९.३१ | १९.४० |
| हङकङ डलर | १ को | १६.६४ | १६.७२ |
| कुवेती दिनार | १ को | ४२६.२४ | ४२८.२० |
| बहराइन दिनार | १ को | ३४६.५२ | ३४८.११ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# प्युठान दुर्घटनामा ८ जनाको मृत्यु



**लुम्बिनी (प्रस)**– प्युठानको स्वर्गद्वारी मन्दिरको दर्शन गरेर फर्किँदै गर्दा आठजनाको ज्यान गएको छ । स्वर्गद्वारी दर्शन गरी फर्कनेक्रममा लु१च ६३४५ नंबरको कार दुर्घटना हुँदा सो कारमा सवार यात्रीहरूको मृत्यु भएको हो । स्वर्गद्वारी नगरपालिका-४ भिंग्री बजार नजिकै टाकुरा भन्ने स्थानमा सोमबार अपराह्न २:४५ बजे सो कार दुर्घटना भएको थियो ।

कार स्वर्गद्वारी-भिंग्री सडकखण्डको टाकुरा भन्ने स्थानबाट झण्डै ५० मिटर तल खसेको जिल्ला प्रहरी कार्यालयका प्रमुख एवं प्रहरी नायव उपरीक्षक सुवास खड्काले जानकारी दिए । उनका अनुसार दुर्घटनामा मृत्यु भएकामध्ये सातजनाको सनाखत भएको र एक जनाको सनाखत हुन सकेको छैन ।

दुर्घटनामा मृत्यु भएकामध्ये दाङ जिल्ला तुल्सीपुर उपमहानगरपालिका-१५ कोठरी बस्ने ३५ वर्षीया सरिता शर्मा पोखरेल, निजको १४ वर्षीय छोरा विशाल पोखेल र नौ वर्षीय छोरा विकास पोखेल रहेका छन् । यस्तै, दाङ लमही नगरपालिका-७ गढवाका ४० वर्षीय गोविन्द शाह, उनकी श्रीमती ३० वर्षीया राधा नेपाली र उनका छोरा नौ वर्षीय आदित्य शाह रहेको जिल्ला प्रहरी कार्यालय प्युठानले जनाएको छ ।

कारका चालक दाङ लमही नगरपालिका-४ का ४९ वर्षीय ताराबहादुर कुमालको पनि सनाखत भएको र अन्यको एक जनाको सनाखत हुन बाँकी रहेको जिल्ला प्रहरी कार्यालयका प्रमुख खड्काले बताए ।

# विश्वविद्यालय स्थापना कार्यलाई शीघ्रता दिन आग्रह

सुदूरपश्चिम- सुदूरपश्चिम प्रदेश सरकारले गेटा मेडिकल कलेजलाई अस्पतालसहित स्वास्थ्य सेवा एवं चिकित्सा शिक्षाको केन्द्रका रूपमा सहिद दशरथचन्द राष्ट्रिय स्वास्थ्य विज्ञान विश्वविद्यालय स्थापना कार्यमा शीघ्रता दिन नेपाल सरकारसँग अनुरोध गरेको छ ।

मुख्यमन्त्री कमलबहादुर शाहद्वारा सोमबार जारी प्रेस विज्ञप्तिमा नेपाल सरकारको आर्थिक वर्ष २०८०/८१ को नीति कार्यक्रममा विश्वविद्यालय विधेयक चालु अधिवेशनमा प्रस्तुत गर्ने भनी उल्लेख भएकामा वार्षिक बजेटमा भने स्वास्थ्य विज्ञान प्रतिष्ठान उल्लेख भई अस्पष्टता सिर्जना हुन पुगेकोप्रति गम्भीर ध्यानाकर्षण भएको उल्लेख गरिएको छ ।

गेटा मेडिकल कलेज सुदूरपश्चिम प्रदेश र सिंगो मुलुकको स्वास्थ्य सेवा र चिकित्सा शिक्षाको केन्द्रका रूपमा विकास हुनुपर्छ भन्ने सबैको चाहना रहेको उल्लेख गर्दै जारी विज्ञप्तिमा प्रदेशवासीको चाहना र आवश्यकता पूरा गर्न/गराउन प्रदेश सरकार प्रतिबद्ध रहेको जनाइएको छ ।

कैलालीको गेटामा निर्माण कार्य पूरा भइसकेको मेडिकल कलेज सञ्चालनको प्रारूपका बारेमा नेपाल सरकार र मन्त्रिपरिषद्ले गरेको निर्णय र बजेट कार्यक्रमा फरक-फरक नाम आएपछि स्थानीयवासीको असन्तुष्टि बढेको छ । योसँगै गेटा मेडिकल कलेजलाई विश्वविद्यालयकै प्रारूपमा सञ्चालन गर्न माग गर्दै केही दिनदेखि दबाबमूलक संघर्षका कार्यक्रम भइरहेका छन् । *रासस*


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **AL SULAIMAN JEWELLERS**

पूर्व स्वीकृति मिति : २०७९/१२/२८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/२९ | LT. No. 284468 | चलानी नं. ६०१९९९८६

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रू. | | | | | | | |
| 1 | Jeweller | 1 | 1 | 1700 | ६१,१९५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Salesman | 1 | 0 | 1700 | ६१,१९५ | | | | | | | |
| 3 | Watches Salesman | 1 | 1 | 1700 | ६१,१९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार ५ गते (20th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले । सेवा शुल्कः निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**ः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

TARGET
श्रम ईजाजत नं.८३३/०६६/०६७

**Target Consultant Human Resources Pvt. Ltd.**
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **GS CONSTRUCTION ARABIA CO. LTD.**

पूर्व स्वीकृति मिति २०८०/०२/११ | LT No.287589 | चलानी नं. ६०१९८६३३

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Construction Worker | 21 | 0 | 1350 | ४७५५९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार ५ गते (20th June. 2023) मा हुनेछ ।

यो विज्ञापन LT No. 287589 मितिः २०८०/०२/२९ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले । सेवा शुल्कः निःशुल्क


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**ः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।


**Swift Gurkha International Pvt. Ltd.**
श्रम इजाजत नं. ५५९/०६२/०६३
Samakhusi, Tokha Road, Ktm, Nepal. Tel: +9771 4352128, 4389471, 4350987, Fax: +977-1-4350534


## नाता बचत तथा ऋण सहकारी संस्था लि.को
## विशेष साधारण सभा सम्बन्धी सूचना

यस नाता बचत तथा ऋण सहकारी संस्था लि. आर्थिक तरलता अभावको कारण केही समय देखि यस संस्थामा उत्पन्न समस्याको समाधानको लागि मिति २०८० जेठ १४ गते संचालक समितिको बैठकले मिति २०८० असार २ गते संस्थाको विशेष साधारण सभा बोलाउने निर्णय भएको तर संस्थाको अध्यक्ष श्री अम्बर बहादुर थापा मगरबाट निजको जिम्मामा रहेको संस्थाको कुनै हिसाव किताबको जानकारी नदिई हाल बेपत्ता भईरहेको हुँदा संस्थाका बचतकर्ता तथा संचालक समितिको तर्फबाट का.म.न.पा. सहकारी बिभाग र प्रहरी परिसर काठमाडौं समक्ष उजुरी गरिसकिएको छ । यस अवस्थामा सम्बन्धीत सबैलाई धैर्य धारण गरि संस्था संचालन गर्न सहयोग गरिदिनुहुन अनुरोध गर्दछौं । मिति ०८० असार २ गते गर्ने भनिएको विशेष साधारण सभा विषेश कारणबस हुन नसकी आगामी मिति ०८० असार १६ गते तपशिलमा उल्लेखित छलफल प्रस्तावहरू सहित सम्पन्न हुने व्यहोरा सम्वन्धित सबैमा सुचित गर्दछौं । हाल सेयर धनि उजुरकर्ताहरूको समेत सल्लाह सुझाव अनुसार यस संस्थाले आन्तरिक हिसाव हेरी छानविन गरि संस्थाको वास्तविक अवस्थाको बारेमा छानविन भई रहेका हुँदा संस्थाका सेयरधनीहरूले आफुसंग रहेको सेयर तथा बचतको प्रमाण सहित ७ दिन भित्र कार्यालय समयमा यस संस्थालाई उपलब्ध गराई सहयोग गरिदिन हुन सादर अनुरोध छ ।

**विशेष साधारण सभा सम्वन्धी विशेष छलफल प्रस्तावहरू :-**

१. यस संस्थाको आ.व.०७९।०८० को जेष्ठ १५ गते सम्मको आन्तरिक हरहिसाव प्रस्तुत गर्ने सम्वन्धमा ।
२. संस्थाको जिम्मेवारीमा रहदा संथाका अध्यक्षबाट भएको आर्थिक अनियमिता सम्वन्धमा
३. यस सस्थाको सञ्चालन तथा व्यवस्थापनको लागी साधारण सभा नहुन्जेल सम्मकोलागी संस्थाको व्यवस्थापन समितिको गठन गर्ने सम्वन्धमा ।
४.संस्थाको आन्तरिक हिसाव किताबको खोजविन गरी असुल उपरगर्ने सो को लागी संस्थाको तर्फबाट अख्तियारी दिने सम्बन्धमा ।
५. विविध ।

**मिति** : २०८० असार १६गते शनिवार
**समय** : दिनको ११:००बजे
**स्थान** : का.म.न.पा.२८ न. वडा कार्यालय सभाहल

**सचिव**
**संचालक समिति**
**नाता बचत तथा ऋण सहकारी संस्था लि.**
फोन.०१-५३४२१२८/५३४१२९
Email:ntasaccos@gmail.com

## वालिङ नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
वालिङ, स्याङजा
गण्डकी, प्रदेश, नेपाल

**दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति २०८०/२/३०

यस कार्यालयबाट प्रकाशित दरभाउपत्र आव्हानको सूचना अनुसार दर्ता हुन आएका दरभाउपत्रहरू मूल्याङ्कन गर्दा तपसिलको दरभाउपत्र न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भई मूल्याङ्कन समितिबाट स्वीकृतका लागि सिफारिस भए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) अनुसार तथा सोही ऐन को दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै दरभाउपत्र दाताहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि.नं | दरभाउ पत्र ठेक्का नम्बर | योजनाको नाम | छनौट भएको दरभाउपत्रदाता | कबोल अंक (भ्याट समेत) रु. |
|---|---|---|---|---|
| १ | ३/२०७९/०८० | krishi Connect A Comprehensive Agricultural Value Chain Platfprm and mobile application | अप टेक सिस प्रा.ली. | १४५०८८१.५८ |


## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **PHOENIX SECURITY SERVICES AND CONSULTATION SDN BHD**

पूर्व स्वीकृति मिति २०८०/०२/२९ | LT. No. 287563 | चलानी नं. ६०१९४१७५

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | MR | ने.रू. | | | | | | | |
| 1 | Security Guard | 25 | 0 | 1500 | ४२९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार ५ गते (20th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले । सेवा शुल्कः निःशुल्क


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**ः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।


SAGARMATHA OVERSEAS PVT. LTD.
Govt. License 1601/079/080

**SAGARMATHA OVERSEAS Pvt.Ltd.**
Anamnagar 29 Kathmandu, Kathmandu Nepal
Tel +977-01-5913446, Mobile :+977-9817024503
E-mail: Sagarmathaoverseas2023@gmail.com



## मलेसिया/कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **PERFECT TACTICAL RESOURCES SDN BHD**

पूर्व स्वीकृति मितिः २०८०/०२/२९ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/२९ | LT. No. 287651 | चलानी नं. ६०२०३०२९

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Security Guard | 35 | 0 | 1500 | ४२,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : **MANDALA RESTAURANT**

पूर्व स्वीकृति मितिः २०८०/०२/१९ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/२९ | LT. No. 287098 | चलानी नं. ६०२०२४५३

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रू. | | | | | | | |
| 1 | Accountant/auditor | 0 | 10 | 2200 | ७९,३०० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Driver | 2 | 0 | 2200 | ७९,३०० | | | | | | | |
| 3 | General Clean Worker | 0 | 6 | 1000 | ३६,३०० | | | | | | | |
| 4 | Waitress | 0 | 4 | 1200 | ४३,२५५ | | | | | | | |

कम्पनी : **MANDALA CLEANING & HOSPITALITY**

पूर्व स्वीकृति मितिः २०८०/०२/१९ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/२९ | LT. No. 287097 | चलानी नं. ६०२०२४५५

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रू. | | | | | | | |
| 1 | General Clean Worker | 10 | 0 | 1000 | ३६,३०० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Manager Variety | 1 | 0 | 5700 | २०५,४५५ | | | | | | | |

कम्पनी : **DOULAT ZAFARANA HOSPITALITY AND CLEANING**

पूर्व स्वीकृति मितिः २०८०/०२/१९ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/२९ | LT. No. 287096 | चलानी नं. ६०२०२४५६

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रू. | | | | | | | |
| 1 | Coffee Cook | 0 | 6 | 1200 | ४३,२५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार ५ गते (20th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले । सेवा शुल्कः निःशुल्क


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**ः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।


श्रम इजाजत नं. १५४/०६७/६८

**VARSHA MANPOWER PVT. LTD.**
**(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)**
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944


कर्णाली प्रदेश सरकार
### सामाजिक विकास मन्त्रालय
### प्रदेश अस्पताल
वीरेन्द्रनगर, सुर्खेत

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सच्याइएको बारे**

प्रकाशित मितिः २०८०/०२/३०

अस्पतालबाट निम्न खरिद कार्य स्वीकृतीको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) र सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ **मिति २०८०/०२/२६ गते प्रभाव दैनिकमा** बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएकोमा उक्त सूचनामा ठेक्का कबोल रकम (मु.अ.कर बाहेक) अन्यथा भएकोले तपसिल अनुसार सच्याईएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| ठे.नं. | कामको विवरण | बोलपत्रदाताको नाम, ठेगाना | ठेक्का कबोल रकम (मू.अ.कर बाहेक) |
|---|---|---|---|
| PH/Karnali/ NCB- 26/079-80 | Procurement of Laundry Setup System with Standard Accessories. | *National Bio Medical Suppliers, Tripureshwor, Kathmandu.* | **40,30,000.00** |

**अस्पताल निर्देशक**

## शुक्लाफाँटा नगरपालिका
### नगरकार्यपालिकाको कार्यालय
झलारी,कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सुचना**

(सूचना प्रकाशित मिति : २०८०/०२/३० गते)

यस कार्यालयको आ.व.२०७९/०८० अन्तर्गत तपसिल बमोजिमको निर्माण कार्यका लागि मिति २०७९/१२/१२ गतेको राष्ट्रियस्तर पत्रिकामा प्रकाशित सुची अनुसार न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही देखिन आएका बोलपत्र स्वीकृतका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सोही ऐनको दफा २७ को उपदफा (२) र (३) बमोजिम सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं | ठेक्का नं. | निर्माण कार्यको विवरण | छनौट भएका बोलपत्रदाताको विवरण | कबोल अंक (मु.अ.कर र पी.एस. सहित) रु. |
|---|---|---|---|---|
| १. | SMP/079 -80/NCB/ RUW/25 | Gravel road upgrading works in ring-road section of ward no 12,1,2,3 and different road sections of wards of Shuklaphanta Municipality . | Adventure/Rajdhani/ Nagarjun JV, Dhangadhi Kailali | १६४४७५६१.९४ |

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# प्याज हेर्दैमा आँशु नखसोस्

प्याज काट्दा आँशु आउनु प्राकृतिक नियम नै हो। तर, अब प्याज किन्दासमेत उपभोक्ताको आँशु आउने अवस्था सिर्जना भएको छ। कारण प्याज आयातमा सरकारले घोषणा गरेको कर। सरकारले प्याज, आलु र स्याउमा १३ प्रतिशत आयात कर लगाउने घोषणा बजेट भाषणमै गऱ्यो। हुन त यो बजेट पास भइसकेको छैन। तर, प्याज व्यवसायीले भने पासमात्र हैन सरकारले गरेको प्रस्तावलाई लागू नै गरिसकेका छन्।

बजेट आउनुअघि प्याजको खुद्रा मूल्य किलोको अधिकतम ५० रूपैयाँ पुगेको थियो। अहिले प्याज किलोको १०० रूपैयाँ पुगिसकेको छ। अघिल्ला बजेटहरूमा सरकारी कर्मचारीको तलब बढ्ने घोषणा हुनसाथ बजार महँगिन्थ्यो। यसपटक भने प्याजमा लगाइने १३ प्रतिशत भ्याटको घोषणाले उपभोक्त रुनुपर्ने अवस्था छ।

कतिपयले यसलाई डा. प्रकाशशरण महतको बजेटको पहिलो ‘साइड इफेक्ट’ भन्न थालेका छन्। संसद्मा पनि सोमबार प्याजको बढेको मूल्यबारे प्रश्न सोधे सांसदहरूले। कतिपय सांसदले नेपाल आफैं उत्पदानमा सक्षम नभएसम्म आयात कर लगाउन नहुने धारणा राखे। नेपालमा उत्पादन नभएको अवस्थामा खाद्यान्नमा कर लगाउँदा भन्सार अचाक्ली महँगिन्छ। प्याजमा नेपाल आत्मनिर्भर छैन। त्यसैले व्यापारीले यस्तै बेलामौका छोपी भाउ चर्काउने गर्छन्। संसदमा प्रश्न उठेपछि अर्थमन्त्री महतले आयात निरुत्साहित पार्न भ्याट लगाएको तर्क दिएका छन्। प्याजमा भ्याट लगाउँदा आन्तरिक उत्पादन बढ्नुका साथै साना किसानको संरक्षण हुनेसमेत दाबी गरेका छन्।

तर, अर्थमन्त्रीले भनेजस्तो कर लगाउँदैमा उत्पादन बढ्नेमा ढुक्क हुने वातावरण छैन। स्वदेशमा लगानीको वातावरण पटक्कै नहुँदा धेरैले नेपाल छाडेको घटनाहरू छन्। गुणस्तरीय उत्पादन बिक्री गर्ने किसान स्वदेशमा टिक्न सक्दैनन्। कमसल सामान बेचेर मुनाफा कमाउनेहरूमात्र देशमा बाँच्ने वातावरणले दिनहुँ आर्थिक अवस्था ओरालो लाग्दो छ। नेपालमा न त कृषिमा लगानीको वातावरण छ न त व्यवसायमै। जसले गर्दा युवाहरू पढ्ने नाम गरी जापान, कोरियादेखि अस्ट्रेलिया भासिरहेका छन्। श्रमको मूल्य नपाएका श्रमिकहरू खाडीतिर। भान्सा सस्तिने हो भने यही टिकेर केही गर्ने वातावरण बन्थ्यो नै। तर, सरकारले यस्ता सामान्य विषयमा नसोचिदिँदा नागरिकले अनाहकमा दुःख पाउने र विदेशिनुपर्ने अवस्था आइलागेको छ। त्यसैले प्याज, आलु, स्याउजस्ता खाद्यन्नमा भ्याट लगाए पनि सरकारले बजारमा बढेको अस्वाभाविक मूल्यवृद्धि नियन्त्रणका लागि विशेष संयन्त्र नै तयार गर्नुपर्छ। यस्ता संयन्त्रले मोनिटरिङ गरेर सरकारले जनतालाई सहज बनाइदेओस्। छाक टार्न तरकारी हेर्दैमा आँशु खस्ने वातावरणको अन्त्य होस्।

## मनन्योग्य

### चाणक्य नीति

मुराले नचिनेका दुई अनौठा मानिस आएको देखी आसन ओछ्यान। युवक चन्द्रगुप्तले प्रणाम गरी पानीको व्यवस्था गरे। चाणक्यले चन्द्रगुप्तलाई गहिरिएर हेरे। एकछिनपछि मुरालाई शकटारले आफूहरू आउनुपर्ने प्रयोजन बताए। अब सय आयो, हामी तिम्रा चन्द्रगुप्तलाई चाहान्छौं। मुराले भनिन्-‘म दुःखीको एक मात्र सहारा यही छ, यसलाई म कसरी दिऊँ।’

गौरसँग हेर्दै चाणक्यले भने-‘देवी ! तपाई धन्य हुनुहुन्छ, जसका कोखबाट चन्द्रगुप्तजस्तो पुत्र प्राप्त भयो र हामी यिनलाई समयमै वीरता र धीरताको शिक्षा दिन खोजिरहेछौं।’

‘आज राजा नन्दको अत्याचार, भोग-विलासका कारण सम्पूर्ण मगध नयाँ शासकका लागि पर्खिरहेछ। नन्दका नन्दका चारैतिर चाकडी र प घेराउ छ। जसले पनि आफ्नै ढुकुटी गरिरहेछन, कसैलाई छैन। यस्तो अवस्थामा मगधलाई वीरतापूर्वक सही आफ्नो माता गर्ने एक साहसी राजाको आवश्यकता छ। यी सबै गुण हामीले चन्द्रगुप्तमा देख्यौ। मुराले दयनीय अवस्थामा भनिन्-‘महाराज ! यो सबै ठीक छ तर म यो चाहन्न राजनीतिका खेलमा म दुःखीको एक मात्र सहारा बलिदानत्र होओस्। अर्को कुरा नन्दलाई मुराको पुत्र हो भन्ने आभास मात्रै भए पनि नन्दले यसको हत्या गराउँछ।’

होइन देवी ! नन्द कसैको असल चाहँदैन। चाणक्यले चन्द्रगुप्तलाई मगधको राजसिंहासन दिलाउनेछ। चाणक्य छउन्जेल नन्द अथवा नन्दका कुनै पनि व्यक्तिले तपाईले चन्द्रगुप्तको रौँ पनि टेडो (बाङ्गो) पार्न सक्तैनन् र मगधका लागि तपाईले संकीर्ण स्वार्थको त्याग अवश्य गर्नुपर्छ। मगधका व्यक्ति-व्यक्तिले तपाईंको यो उपकारको ऋणी भएको महसुस गर्नेछन्। यो सबै सुनी मुराले दुःखित हुँदै भनिन्-‘तपाईंहरू नै जान्नोस, म आफ्नो कलेजाको टुक्रा तपाईंका जिम्मा दिँदैछु अब यसको संरक्षक तपाईं हुनुहोस्।’

यो कुरा चन्द्रगुप्त चुपचाप सुनिरहेथे। चाणक्यको दृष्टि चन्द्रगुप्तपट्टि थियो। यो देखी चन्द्रगुप्तले चाणक्यलाई दण्डवत् गरे र भने- ‘स्वामी !’ यति हतार नगरी गुरुदेव ! यदि उसलाई हामीले बन्दी बनाइराख्यो मन पनि के विग्रिन्छ र ? के बिगार्न सक्छ र उसले ? ‘शत्रु जीवित भएमा धेरै विग्रिन सक्छ। महानन्दले शकटार कात्यायनलाई जीवित नराखी वध गरिदिएको भए आज उसले बन्दी हुनुपर्ने थिएन। क्रमशः

# गर्मीमा मुटुको समस्याबाट बच्ने उपाय



▶▶ डा. ओममूर्ति अनिल

> कामा घरबाहिर निस्कनुअघि प्रशस्त मात्रामा पानी वा झोल पदार्थ खानुपर्छ। त्यस्ता व्यक्तिले नुन/चिनी, पानी र कागतीको सर्बतले खाइरहने गरे शरीरमा खनिज, लवण र पोटासियमको सन्तुलन बिग्रन पाउँदैन। पानीले शरीरको तापक्रम सामान्य राख्छ। यसले जोर्नीलाई चिप्लोसँगै गद्दाजस्तै बनाउँछ। यसले स्पाइनल कर्डसँगै अन्य संवेदनशील तन्तुहरूलाई जोगाउँछ। नियमित आवश्यकताअनुसार एक-दुई घण्टाको फरकमा प्रशस्त पानी पिउने र शरीरमा पानी पर्याप्त भए नभएको आफ्नो पिसाब सफा छ छैन हेर्नुपर्छ।

केही दिनयता देशका अधिकांश स्थानमा अत्यधिक गर्मी बढेको र यसले जनजीवन प्रभावित भएका समाचार आएका छन्। तराईलगायत मध्यपहाडी भेगमा गर्मीकै कारण विद्यालय पनि बन्द गरिएका छन्। तराईमा लुको प्रकोप बढ्नसक्ने भन्दै सतर्कता अपनाउन भनिएको छ।

गर्मी मौसममा मुटुका बिरामी, उच्च रक्तचाप, कोलस्टेरोल, मोटोपना, मधूमेहजस्ता समस्या भएका वृद्धवृद्धाले केही अतिरिक्त सावधानी अपनाउनुपर्दछ। मुटुसम्बन्धी समस्या भएका बिरामीहरूका लागि जाडोजत्तिकै जोखिम गर्मी याममा पनि हुने गर्दछ। गर्मीमा थप सावधानी अपनाउनुपर्ने जोखिम समूहमा मुटुमा ब्लकेज भएका बिरामीहरू, (मुटु कमजोर) भएका बिरामीहरू, उच्च रक्तचाप र यसको औषधि उपयोग गरिरहेकाहरू, मधूमेही र यसको औषधि उपयोग गरिरहेकाहरू, बुढापाका/मिर्गौला रोगी, पहिले बेहोस भइसकेका र कुनै अंगको संक्रमणले ग्रस्त बिरामी पर्दछन्।

अझ मुटुजन्य समस्या भएका व्यक्तिहरूका लागि त झन् उच्च तापक्रमबाट प्रभावित हुने सम्भावना दोब्बरले बढ्छ। अति गर्मीले मुटुका बिरामीको ज्यानसमेत जानसक्छ। तापमान वृद्धिका कारण कही वर्षयता मुटुसँग सम्बन्धित समस्या (विशेषगरी हृदयाघात) बढिरहेको छ। यसैले गर्मी मौसममा मुटुका बिरामीले विशेष ध्यान दिनुपर्छ। जाडोमा जसरी रक्तनली साँघुरो भएर रक्तचाप बढ्छ, त्यसको ठीक विपरीत गर्मीले गर्दा रक्तनलीको आकार बढेर रक्तचाप घट्न सक्छ। बढ्दो गर्मीमा टाउको दुख्ने समस्या हुने गर्दछ। गर्मीमा लगातार टाउको दुख्नु भनेको रक्तचाप बढ्ने संकेत हुन सक्छ। बढी समय चर्को घाममा रहनाले रक्तचाप घट्छ र मुटुमा समस्या आउँछ। गर्मीले रक्तचाप घट्दा बिरामीलाई रिंगटा लाग्ने, हिँड्न अप्ठचारो हुने, कहिलेकाहीँ बेहोस हुने स्थितिसम्म आउन सक्छ। जोखिम समूहमा परेकाहरूले अत्यधिक गर्मीमा पर्नबाट जोगिनुपर्छ। गर्मीयाममा मुटुको समस्याहरू भएका व्यक्तिले मात्र नभई स्वस्थ व्यक्तिलेसमेत दिनहुँ प्रशस्त मात्रामा झोल कुरा खानुपर्छ।

पानी मानव शरीरको महत्त्वपूर्ण तत्त्व हो। यसले स्वस्थ व्यक्तिको आधादेखि दुईतिहाइ तौल ओगटेको हुन्छ। खासगरी गर्मी याममा शरीरबाट बढी पानी निस्किने हुँदा पानीको मात्र कम हुन्छ। शरीरमा पानीको कमी भए रक्तचाप घट्न थाल्छ अनि मुटु र मधूमेहका रोगीहरू जोखिममा पर्न सक्छन्। बूढापाका र मोटो व्यक्तिको शरीरमा पानीको मात्रा अन्य व्यक्तिको तुलनामा कम हुन्छ। शरीरलाई चाहिने पानीको मात्रा कम हुँदा रगत बाक्लो हुन जान्छ। रगत बाक्लो हुँदा जम्ने डर हुन्छ। त्यतिबेला हृदयाघात वा मस्तिस्कघात हुने सम्भावना बढी हुन्छ।

शरीरमा पानीको मात्रा कम हुनु भनेको यसले शरीरमा निर्जलीकरण (डिहाइड्रेसन) हुनु हो। डिहाइड्रेसनका कारण शरीरमा सोडियम र पोटासियमको मात्रामा गडबड हुन्छ। डिहाइड्रेसनले गर्दा शरीरमा रगत जमेर समस्या उत्पन्न गर्न सक्छ। यसबाट मुटुको धड्कन बढी हार्ट फेलसमेत हुन सक्छ। त्यसैले डिहाइड्रेसनका कारण डिहाइड्रेसनले मुटुरोगीको ज्यानै पनि जानसक्ने हुन्छ। मुटुको औषधि खाइरहेका व्यक्तिहरू गर्मी याममा डिहाइड्रेसन भएर बेहोस भएको पाउने गरिन्छ। शरीरमा पानीको कमी लामो समयसम्म रह्यो र प्रारम्भिक लक्षणबाट पहिचान गर्न नसकेमा ऊर्जाको कमीदेखि लिएर हृदयाघातको जोखिम हुन्छ।

शरीरका विभिन्न अंगमा रगत पुऱ्याउन मुटुले बढी मिहेनत गर्नुपर्छ। यसले गर्दा मुटुलाई बढी दबाब हुन्छ। जसले गर्दा मस्तिष्क, मुटु, हातखुट्टालगायत नसामा रगत जमेर समस्या उत्पन्न हुन सक्छ। मुटुसम्बन्धी जोखिम समूहमा रहेकाहरूलाई गर्मी याममा पनि विशेष सावधानी अपनाउनुपर्छ। मुटुको औषधि सेवन गरिरहेका र पाकाहरूले गर्मी याममा बढी चलखेल गर्दा शरीरमा पानीको कमी हुन्छ र रक्तचाप कम हुन्छ। यसले गर्दा मस्तिष्कमा रगतको प्रवाह कम हुन्छ र सम्बन्धित व्यक्ति बेहोस हुन सक्छ। गर्मीमा काम गर्दा अचेत भई कतिपय मानिसको मृत्यु भएको समाचार सुन्ने गरिन्छ। जब हाम्रो मुटुले सामान्य प्रवाहमा रक्तसञ्चार गर्न सक्दैन भने यस्तो अवस्थामा मानिस बेहोस हुने गर्छन्।

गर्मीले गर्दा मानिसको रक्तचाप तल-माथि हुन सक्छ। दुवै अवस्था हुनु जोखिमपूर्ण नै हुन्छ। रक्तचापको औषधि सेवन गरिरहेकाहरूलाई औषधिको मात्रा घटबढ हुनसक्ने भएकाले औषधि सेवन गर्ने रक्तचापका बिरामी अत्यधिक गर्मीमा नहिँड्नु नै राम्रो हुन्छ। कतै जानु नै परे प्रशस्त तरल पदार्थ सेवनसँगै गर्मीबाट जोगिने उपाय गर्नुपर्छ। उच्च रक्तचापका रोगीलाई बढी गर्मीमा बढी मिहेनत हुने र पसिना बगाउने काम गर्नु हुँदैन। आफूलाई रिंगटा लाग्न र बेहोसी हुने अवस्था आउन लाग्यो भन्ने थाहा पाउनेबित्तिकै हावा आउने ठाउँमा निस्कनुपर्छ, तरल पदार्थ सक्दो लिनुपर्छ। उभिइरहनु हुँदैन। यति गर्दा पनि आराम नभए देब्रे कोल्टो परेर सुत्नुपर्छ। यसो गर्दा मस्तिष्कमा रगत प्रवाह यथोचित मात्रामा भएर अचेत हुनबाट जोगिन सकिन्छ। साह्रै गर्मी हुँदा चिसो पानीमा नुहाउँदा शरीरलाई शीतलता हुन्छ।

तापमान वृद्धिको सीधा असर मानिसको मुटुमा पर्ने हुँदा शरीर चिसो बनाउन पसिना आवश्यक हुन्छ। पसिनाले नै शरीरको तापक्रम सन्तुलनमा राखिरहन्छ। उच्च तापक्रममा शरीरले आफ्नो ताप नियन्त्रण गर्न नसक्दा शरीरको भित्रिय तापक्रम बढ्न गई अत्यधिक पसिना आउने, वाकवाक लाग्ने, टाउको दुख्ने, मांसपेसीहरू बाउँडिने, बेहोस हुनेजस्ता समस्या आउन सक्छ। उच्च रक्तचापका बिरामीहरू गर्मी याममा भीड, हावाको प्रवाह (भेन्टिलेसन) नभएको कोठा वा गाडीमा धेरै बेरसम्म गुम्सिएको अवस्थामा बस्दा वा काम गर्दा रिंगटा लाग्ने र बेहोस हुने स्थिति आउन सक्छ। पर्याप्त निन्द्रा, तनाव कम गर्ने, रक्तचाप नियमित परीक्षण गर्ने (५० वर्ष पुगेका, मोटोपना, मुटुरोगी, उच्च रक्तचाप भएकाले विशेष सावधानी अपनाउनुपर्ने हुन्छ।

**गर्मीले मुटुमा समस्या हुनबाट जोगिने उपाय**

**प्रशस्त पानीको सेवन**:

काममा घरबाहिर निस्कनुअघि प्रशस्त मात्रामा पानी वा झोल पदार्थ खानुपर्छ। त्यस्ता व्यक्तिले नुन/चिनी, पानी र कागतीको सर्बतले खाइरहने गरे शरीरमा खनिज, लवण र पोटासियमको सन्तुलन बिग्रन पाउँदैन। पानीले शरीरको तापक्रम सामान्य राख्छ। यसले जोर्नीलाई चिप्लोसँगै गद्दाजस्तै बनाउँछ। यसले स्पाइनल कर्डसँगै अन्य संवेदनशील तन्तुहरूलाई जोगाउँछ। नियमित आवश्यकताअनुसार एक-दुई घण्टाको फरकमा प्रशस्त पानी पिउने र शरीरमा पानी पर्याप्त भए नभएको आफ्नो पिसाब सफा छ छैन हेर्नुपर्छ। अन्य स्वस्थ्य मानिसले पनि मौसम गर्मी हुँदा वा व्यायाम गर्दा त अझ बढी तरल पदार्थ सेवन गर्नुपर्ने हुन्छ।

**फलफूल/जुसको सेवन गर्ने**:

फलफूलमा पाइने खनिज तत्त्वहरूले शरीरलाई पसिनाको माध्यमबाट हुने खनिजको कमीलाई पूर्ति गर्छ र रक्तचाप र मुटुको क्रियाकलापलाई सन्तुलनमा राख्न मद्दत गर्छ।

**चिया/कफीको सेवन नगर्ने**:

चियाकफीका कारण शरीरमा पानीको कमी झन् हुन थाल्छ। चिया/कफीमा पाइने कैफिनले पिसाबको मात्रा बढाएर शरीरमा पानीको मात्रालाई कमी गर्छ, अत्यधिक गर्मीमा चिया/कफीको सेवन कम गर्नु फाइदाजनक हुन्छ।

**धूमपान तथा मद्यपान नगर्ने**:

धूमपान तथा मद्यपान स्वास्थ्यका लागि लाभदायक हुँदैन। त्यसमा पनि गर्मीको समयमा गरिने धूमपानले शरीरलाई सुख्खा राख्न बल पुग्दछ भने मदिरा सेवनले पिसाबको मात्रा बढाएर शरीरमा पानीको मात्रालाई कमी गर्छ।

गर्मीमा व्यायाम गर्दा होस पुऱ्याउनेः

सकेसम्म कम गर्मी भएको बेला (बिहान) हिँड्ने, व्यायाम अगाडि पछाडि गर्ने बेलामा पानी पिउने। बिहान वा साँझमा घर बाहिरको काम वा व्यायाम गर्न सकिन्छ।

**सकभर घरभित्रै बस्ने**:

गर्मीको मौसममा चर्को घाममा लागेका बेला घरबाहिर निस्कनु स्वास्थ्यका लागि निकै जोखिम मानिन्छ। सकेसम्म घरभित्रै बस्नुपर्छ। यदि घरभित्रै बस्दा पनि दिउँसो घामतिर पर्ने झ्याल र ढोका बन्द गर्नुपर्छ र बाक्लो पर्दा लगाउनुपर्छ। सकेसम्म भित्र बत्ती पनि बाल्नुहुँदैन। निस्कनै पर्ने अवस्थामा टोपी वा छाता लिएर या बिहान-बेलुकीको समयमा निस्कनुपर्छ।

**चर्को घामबाट बच्ने**:

दिउँसोको सूर्यको किरणबाट बच्नुपर्छ। अति बढी परिश्रम पर्ने कामहरू कम गर्नपर्छ। बाहिर निस्कने बेलामा छाता, टोपी, चश्मा, पातलो तथा खुकुलो कपडा र सन स्क्रिनको प्रयोग गर्न सकिन्छ।

**उपयुक्त कपडा प्रयोग गर्ने**:

जोखिम समूहका व्यक्तिहरूले बढी गर्मीमा हल्का लुगा लगाउनुपर्छ। सिन्थेटिक, नाइलन, पोलिस्टरको सट्टा सुतीका लुगा लगाउनुपर्छ। टाइट र गाढा रङका लुगा लगाउनु हुँदैन।

यी माथि उल्लेख गरिएका विभिन्न उपायहरूका बारेमा सचेत र सजग हुन सकेमा गर्मी याममा हुनसक्ने जोखिमबाट बच्न सकिन्छ। अत्यधिक गर्मीका कारण यदि बेचैनी या असहज महसुस हुन्छ भने तत्काल रक्तचापको परीक्षण गराउनुपर्छ। यदि रक्तचाप उच्च छ भने तत्काल डाक्टरको परामर्श लिनुपर्छ।

*(कुराकानीमा आधारित/रासस)*

# सांसदलाई बालेनको झड्का




▶▶ वैकुण्ठ भण्डारी

सांसद, जनताले निर्वाचित गराएर पठाएका जनप्रतिनिधि। जनतालाई ऐन कानुन बनाएर ठेगान लगाउने बहादुर। अहिले त भन्ने हो भने संघीय सरकारका बादशाह। तिनै बादशाह अहिले ‘झोले’ भएको भन्दै सर्वत्र आलोचना भइरहेको छ। संसद्को रोस्ट्रममा बसेर आफ्नो हैसियत नै बिर्सिएर संघीय सांसद भन्दै छन्, ‘हामी त झोले, त्यही भएर साँझ झोल खाएकाहरूले फोन गरेर थर्काउँछन्, त्यसैले हामी झोलेहरूलाई बालेनले ठीक गरे वडाध्यक्षभन्दा पनि तल बनाइदिए।’

यस्तै-यस्तै रोदन चलिरहेको छ संघीय संसद् नाटचशालामा। आखिर दशकौंदेखि गाईजात्रा अभिनय गर्दै आइरहेको नाटचशालामा जनतासँग भक्कानिनु सांसदको भाग्य नै हो। कम्तीमा संसद्मा बसेर आफूहरू हुतिहारा भएको प्रमाणित त गर्दै छन्।

पिएचडीधारी अर्थमन्त्रीले ल्याएको बजेटमा संघीय सांसदहरूलाई पाँच करोड छुट्याइदिए गरिखा भनेर। त्यो पनि सांसद विकास कोषमार्फत, जुन विगतमा खारेज नै भइसकेको थियो। त्यही भएर होला महानगरका मेयर बालेन्द्र (बालेन) साहले एक झट्का सामाजिक सञ्जालमा के दिएका थिए। नाटचशालामा सुरु भैगो आफूहरू साँच्चै नै झोले भएको बयान।

बालेन साह। लरोतरो कहाँ हुन् र ? युवा पुस्ताको मनमा बसेका। युवा पुस्ताले काँधमा बोकेका। विश्वभरका नेपालीले स्वीकार गरेका। पहिले चुनाव लडिरहँदा त्यसै गीत गाका थिए र- ‘लौरो टेकौला, भेटौला बालेन दाइ दुःख बिसौंला’। भेटौला नभेटौला फरक कुरा होला। दुख बिसाउ वा नविसाउ त्यो पनि समयको खेला होला ? तर बेला बेलामा दिने दनकले सेतोघरभित्र बसेका झोलेहरूलाई भने राम्रै छनक मिलेको भने छ। बालेनले त्यसै वडाध्यक्ष बन्नुभएकोमा धन्यवाद सांसद भनेको हो र ? वार्षिक पाँच करोड लिनका लागि बन्द भइसकेको सांसद विकास कोष पुनः खडा गर्न लगाए। पाँच करोड लिनकै लागि सांसद बन्नुभन्दा त महागरको वडाध्यक्ष नै भएको भए बरु १० करोड पाउँथ्यो नि भनेको होला नि।

महानगरका वडाध्यक्षलाई मेयर बालेनले वार्षिक १० करोड दिएका छन्। यो वर्ष अझै बढ्ने संकेत देखे अनि भने सांसदज्यू वडाध्यक्ष भएकोमा बधाई ! कहाँको हिरा, कहाँको झुसिल्किरा। ठीकै पनि हो। बालेनजस्तो व्यक्ति जसले साँच्चिकै काम गर्न खोजेका छन्। भारतले उता अखण्ड भारतको नक्सा टाँस्यो। यता बालेनले ग्रेटर नेपाल टाँसिदिए। त्यही आँट झोले सांसदहरूलाई किन आएन ? किनकि आफैंले आफैंलाई झोले सांसद भन्ने झोलेहरू त बिके त्यसकारण आफ्नो मनमा लागे पनि खुसुक्क झिके बोल्न सकेनन्।

एउटा मेयरले भारतलाई चुनौती दिए तर सांसदले त के सरकार पनि चुइक्कसमेत बोलेन। आखिर चोरको खुट्टा काट भन्दा उचालेको जस्तो भइगो नि ! बरु २५० वर्षअघि साँच्चै ‘ग्रेटर नेपाल’ बनाएका पृथ्वीनारायण शाहले दूरदर्शी राजाका पगरीमात्र लिएनन्। साँच्चै दूरदर्शी दिव्योपदेश दिएर गएका रैछन्।

विदेशीलाई तराईबाट माथि नल्याउनू, तिनीहरूले देश बिगार्छन्। साहले जे भने अहिले त्यही भइरहेको छ। नेपालका लागि विदेशी फिरंगीहरूले भद्रगोल गरिदिएका छन्। त्यही भएर होला सांसदहरू आफैंले आफैंलाई झोले भनेका। कसैले चीनको झोला बोके, कसैले भारतको झोला वोक्थे। अहिले झोले सांसदहरूको पनि बढुवा भएको छ। शान बढेको छ। अहिले त भारत चीनको थोरै झोला बोकेर अन्तै सल्केका छन्। अहिले बालेन साहको कुरा गर्दा पृथ्वीनारायण शाहको कुरा किन आयो भन्ने पनि लाग्ला। तर, खास कुरा के हो भने अहिले बालेनले छलाङ मारिरहेका छन् उबेला पृथ्वीनारायण शाहले मारेका थिए। भारतसँगको सम्बन्ध अहिले बालेनले झट्का लगाइदिएका छन्। त्यसबेला पृथ्वीनारायणले भनेका थिए नि, ‘यो राज्य दुई ढुंगाबीचको तरुल हो। उत्तरको चीन बादशाहसित ठूलो साइनो जोड्नु, दक्षिणको समुद्रका बादशाहसित पनि सम्वन्ध त राख्नु तर त्यो महाचतुर छ’। हुन पनि अलि अलि चतुर हो र निकै नै चतुर अहिले अखण्ड भारत भनेर अर्काको देशलाई आफ्नो देशका गाभ्ने ? त्यो भन्दा महाचतुर के होला र ! त्यस्तो चतुर भारतलाई सातो उडाउने खोज्ने बालेनले सांसदलाई वडाध्यक्षमा झारिदिएपछि यिनको हैसियत त उही झोले नै हो बरु अहिले अलि महँगा झोले भएका छन्। अलि महँगो सल्काइ छ झोलेहरूको ! उत्तर दक्षिणबाट युरोप अमेरिका नै पुग्न लागेका छन्। केही-केही झोलेहरू त अमेरिका र युरोपियन युनियनको झोला बोकिसकेका छन्। त्यसैले पनि यिनी भष्मासुरहरू सत्य त बोल्दै बोल्दैनन्।

बालेनले ग्रेटर नेपाल टाँस्यो भनेर हल्लीखल्ली मच्चाउने र बालेनलाई असफल बनाउने रणनीति पनि हो। यिनीहरूले आ-आफ्नो स्वार्थपूर्तिका लागि जे पनि गर्न तयार हुन्छन्। त्यसैले बालेनले जे गरे, जे भने ठीक गरे। आँट छ र पो गरे। आँट नहुने झोलेहरू त बर्बर आँशु झार्छन्। आँट हुने बालेनले आफ्ना वडाध्यक्षलाई १० करोड दिए। ग्रेटर नेपाल सिंहदरबारमा टाँसिनुपर्दथ्यो तर उनीहरूले सकेनन्। बालेनले टाँसे। बालेनले किन टाँसे भने फेरि झोलेहरूले अर्को झोला बोक्नका लागि तयारी पो गर्दै छन्। विचरा झोले सांसदहरू आफ्ना नेताहरूको भनेको मानेर बालेनले जसरी नक्सा टाँस गर्न नसके पनि उनैलाई गाली गर्दै हामी त झोले सांसद बरु बालेनले ठीक गऱ्यो भन्दै छन्।

बालेनले अब यिनीहरूको दोहोलो काटलान्। सत्य धेरो धर्म। झोलेहरूले झोला बोक्नेभन्दा अरु केही नै गर्न सक्दैनन्। झोलेहरूको अत्तोपत्तो छैन। बालेनले त पाँच वर्ष ढुक्कसँग झोलेहरूलाई तह लगाउने कार्यमा सक्रिय हुने छन्।

# प्रभाव दैनिक

मंगलबार, ३० जेठ २०८० (Tuesday, June 13, 2023)


रूपशाला

## मुम्बईमा ७ नेपालीलाई टेलिभिजन अवार्ड

सात नेपाली युवा भारतको मुम्बईमा 'दादासाहेब फाल्के टेलिभिजन अवार्ड २०२३'बाट विभुषित भएका छन् । अवार्डको विदेशी विधाअन्तर्गत विभुषित हुनेमा नेपाल टेलिभिजनबाट प्रसारण हुँदै आएको कार्यक्रम 'सचेतना'का प्रस्तोता एवम् निर्देशक सरोज ओझा ओझा, कलाकार नितु कोईराला, गायक बिनोद ढकाल, श्रष्टा एवम् अभियन्ता राजेन्द्रप्रसाद ओझा, ब्युटिसियन सुशीला थापा, इभेण्ट निर्देशक अमित शाह र अभियानकर्मी कृष्णप्रसाद देवकोटा रहेका छन् ।



# 'समाज परिवर्तनमा पनि गीत संगीतको महत्त्व छ'



सल्यान जिल्ला बागचौर नगरपालिका–३ का हेमराज डाँगी काठमाडौंलाई कर्मथलो बनाएर आफ्ना क्रियशन श्रोता र दर्शकमाझ पस्किँदै आएका छन् । गायनसँगै संगीत सिर्जनामा पनि त्यतिकै सक्रिय हेमराज लोकदोहोरी गीत संगीतसँगै समाज सेवामा पनि सक्रिय छन् । उनले अनाथ बालबालिका तथा दिनदुःखीलाई सहयोग गर्न गर्दै आएका छन् । उनी स्टेज कार्यक्रमका लागि डिमाण्डेड गायक पनि हुन् । डाँगी अहिलेसम्म सयौँ स्टेज प्रोगाममा प्रस्तुति दिइसकेको बताउँछिन् । गायक **हेमराज डाँगी**सँग गरिएको संक्षिप्त कुराकानीः

**◆ अहिले केमा ब्यस्त हुनुहुन्छ ?**

- गीतसंगीत सिर्जनामा नै समय ब्यथित हुने गरेको छ ।

**◆ यो क्षेत्रमा कसरी प्रवेश गर्नुभयो ?**

-सानो उमेरदेखि गीत संगीत भनेपछि हुरुक्कै हुने गर्दथेँ । स्कुले जीवनमा पनि स्थानीयस्तरमा हुने साँस्कृतिक कार्यक्रमहरूमा सहभागी हुन्थेँ र उत्कृष्ट पुरस्कार जित्थेँ । मेरो प्रस्तुति देखेर अग्रज ब्यक्तित्वहरू र साथी संगीले तेरो गायकी कला राम्रो छ भन्नुहुन्थ्यो, हौसला दिनुहुन्थ्यो । विस्तारै गीतसंगीतमा प्रवेश गरियो र अहिले यसै क्षेत्रमा निरन्तर काम गरिरहेको छु ।

**◆ कहिलेबाट गायकको रूपमा चिनिनुभयो र हालसम्म कति जति सिर्जना ल्याउनुभयो ?**

-२०६९ सालमा बलिन्द्र धारा आँशु किन झर्छ बोलको गीत मेरो स्वरमा रेकर्डिङ भएको पहिलो गीत हो । त्यसपछि नतर्कन नर्तक, नारीकै वर्त हो, खोलि झर्‍यो डाँफे मयुर, हजुर आउनु होस्, नाच हेर्नलाई जाम, साउदी दुबई कतार, दशैं आइसक्यो जस्ता दर्जनौ गीत दर्शक, श्रोतामाझ आइसकेको छ, जुन गीतसंगीत अत्याधिक रुचाइएको थियो ।

**◆ आफुलाई चिनाउनु पर्दा कसरी चिनाउनुहुन्छ ?**

-एक संघर्षशील गायक, संगीतकर्मीको रूपमा चिनाउन चाहन्छु ।

**◆ वर्तमानमा नेपाली गीत संगीतको अवस्था कस्तो पाउनुहुन्छ ?**

-जति पनि गीतसंगीतको क्षेत्रमा लागि रहनुभएको छ, उहाँहरूले आआफ्नो स्थानबाट सक्दो मेहनत गरिरहनु भएको देखिन्छ आफ्नो सिर्जना सफल बनाउँन । बजारमा आएका सबै गीतसंगीत सफल हुँदैनन् । त्यसैले हामी गायकले क्षणिक चर्चा बटुल्ने भन्दापनि दीर्घकालीनसम्म टिकिरहने सिर्जना पस्कन सक्नुपर्दछ । पुराना गीतहरूमा मेलोडी र शब्दलाई बढी महत्व दिइन्थ्यो भने अहिले बजार मुखी गीत संगीतको माग बढ्दो छ ।

**◆ अवार्ड सम्मानले सांगीतिक जीवनमा के महत्व राख्दछ र अहिलेसम्म तपाईले पाउनुभएको अवार्ड, सम्मान ?**

-कुनै पनि अवार्ड सम्मानले कलाकर्मीलाई उर्जाशिल बनाउन मद्दत गर्छ । असल राम्रा सिर्जना र प्रतिभाको निष्पक्ष कदर गरेर दिइने अवार्ड पुरस्कार सम्मानले हरेक कलाकारलाई प्रोत्साहन गर्छ । अझै राम्रो कसरी गरौं भन्ने जिम्मेवारी पनि बढाउँछ । 'बिशाल लुम्बिनी अवार्ड २०७९' कार्यक्रममा सर्वोत्कृष्ट च्वाईस अवार्ड, पर्व गीतबाट सर्वोत्कृष्ट 'ज्योती म्युजिक अवार्ड २०७९', हिमालयन इन्टरनेसनल अवार्ड २०२३ कार्यक्रमको निर्णायक अर्थात 'जर्ज' को रूपमा सहभागी रहें । अन्य अवार्ड कार्यक्रमहरूमा पनि निर्णायकको भूमिका निर्वाह गरिसकेको छु ।

**◆ गीत संगीत मनोरञ्जनमात्र हो ?**

-गीतसंगीतलाई मनोरञ्जनको रूपमा हेरिनु हुँदैन । जिवित प्राणी जीवनमा गीतसंगीतको ठुलो महत्व छ । दुखसुखमा संगीत श्रवणले दिने आनन्द छुट्टैछ भने समाज परिवर्तनमा पनि गीतसंगीतको महत्वपूर्ण भूमिका रहदै आएको छ ।

**◆ परिवारको सहयोग कत्तिको पाउनुभएको छ ?**

-कुनै पनि क्षेत्रमा सफल हुनका लागि घरपरिवारको साथ र सहयोग नहुने हो भने उसले आफ्नो गन्तब्य भेट्टाउन सम्भवत हुँदैन । त्यसैले मेरा लागि प्रेरणाका स्रोत नै आफ्नो परिवार हुन् । उहाँहरू नभएको भए मेरो गीतसंगीत यात्रा र मेरो जीवन नै अधुरो हुन्थ्यो होला ।

**◆ यो क्षेत्रमा कत्तिको संघर्ष गर्नु पर्‍यो ?**

-सहज ढंगले यो स्थानमा पुग्न कठिन छ । संसारमा कुनै पनि काम सजिलो छैन । तर, लगनशिलता, साधना, मिहिनेत र धैर्यताका साथ काम गर्दै गयो भने कुनै पनि काम असम्भव छैन ।

**◆ संगीत क्षेत्रमा लगानी गरेअनुसार लाभ लिन सकिन्न भन्छन् नि ?**

-अहिले संगीत क्षेत्रमा लगानी बढी र लाभ कम छ । एउटै गीतको भिडियो निर्माणमा ठूलो खर्च हुने गरेको छ । युट्युवबाट पनि राम्रो आम्दानी छैन भने कार्यक्रम तथा अन्य प्लेटफर्मबाट पनि लगानी सुरक्षित हुने अवस्था न्यून छ । किनकि कोभिड यता विदेशमा कार्यक्रमहरू नगन्यमात्र हुने गरेको छ । कलाकारको बलियो आर्थिक स्रोत भनेकै देश-विदेशमा हुने साँस्कृतिक कार्यक्रम हो ।

# छानिए मिस्टर एण्ड मिस एसइई र किड्स स्टार इन्टरनेसनल




■ प्रभाव संवाददाता

**काठमाडौं–** 'मिस्टर एण्ड मिस किड्स स्टार इन्टरनेसनल २०२३' को विजेता आयुंश कार्की, जस्मिन पुन, मार्लोन तामाङ र प्रिया गुरुङ भए । किड्स स्टार इन्टरनेसनल मिस्टर तर्फ ग्रुप 'ए'मा आयुंश कार्की र ग्रुप 'बि'मा मार्लोन तामाङ विजेता बन्दा किड्स स्टार इन्टरनेसनल मिस तर्फ ग्रुप 'ए'मा जस्मिन पुन र ग्रुप 'बि'मा प्रिया गुरुङ विजेता चुनिएका हुन् । ग्रुप 'ए' तर्फ अर्गनाइजर च्वाइस सुबिज्ञा कुँवर भए ।

त्यस्तै किड्स स्टार इन्टरनेसनल मिस्टर ग्रुप 'ए' तर्फ सुभम घिमिरे फष्ट रनर अप, साहिल तामाङ सेकेन्ड रनरअप र कृष श्रेष्ठ थर्ड रनरअप बन्दा किड्स स्टार इन्टरनेसनल मिस तर्फ ओजस्वी घिमिरे फष्ट रनरअफ, रीवा चौहान सेकेन्ड रनर अफ र निमा तामाङ थर्ड रनरअप भए । यही प्रतियोगिता अन्तर्गत ग्रुप 'बि' मा मिस्टर तर्फ रायन लखन्द्री, सेकेन्ड रनरअप जोन्सन ओझा, थर्ड रनरअफ स्यामुएल तामाङ बन्दा मिस तर्फ क्रिष्टिना पोखरेल फष्ट रनरअप, रिहाना उप्रेती सेकेन्ड रनरअप र थर्ड रनरअप सान्विका बुढाथोकी भए । अर्गनाइजर च्वाइस प्रनेश घले र समृद्धी बुढाथोकीले पाए ।

राजधानीमा आयोजित एक सारोहका बीच सम्पन्न प्रतियोगितामा 'मिस्टर एण्ड मिस एसइई २०२३' तर्फ विजेता सोनिका श्रेष्ठ र रोनिश पाण्डे भए । सोनिका मिस र रोनिश मिस्टर तर्फ विजेता बनेका हुन् । प्रतियोगितामा अर्गनाइजर च्वाइस विवेक रानापाल र झरना ओली भए ।

प्रतियोगितामा फष्ट रनरअप जानवी भण्डारी र युग अधिकारी , सेकेन्ड रनरअप कृष्मा क्षेत्री र विकास भट्ट, थर्ड रनरअफ एकता शाह र रोनिश नेपाली भए ।

प्रतियोगितामा इन्टरनेसनल अवार्ड विजेता तर्फ एसइई बेष्ट मोडल अफ द युनिभर्स नेपाल रीना तामाङ, प्रि टिन इन्टरनेसनल नेपाल स्मृती विस्वकर्मा, टिन इन्टरनेसनल नेपाल आईरिस गुरुङ, इन्टरनेसनल टिन अफ द इयर नेपाल नेहा बुढाथोकी, इन्टरनेसनल टिन अफ द इयर मेल स्मित ढुंगाना, बेष्ट मोडल अफ द युनिभर्स नेपाल विवेक रानापाल, किड्स इन्टरनेसनल विनर लिटिल टुरिजम एम्बेसडर नेपाल आर्यन पोखरेल र उभ्भी लामा गुरुङ, किड्स बेष्ट मोडल अफ युनिभर्स नेपाल ब्रियाना उप्रेती भए ।

एसइई दिएर बसेका छात्र तथा छात्राको क्षमता अभिबृद्धी गर्दै उनीहरूलाई सक्षम रूपमा अगाडि बढ्न सक्ने ब्यक्तित्व विकास गर्ने उदेश्यले फेशन ईराले प्रतियोगिता आयोजना गरेको हो । आयोजकले विजेता सबैलाई गरेर १२ लाख बराबरको छात्रावृत्तिका अवसर र बिभिन्न गिफ्ट पुरस्कारको रूपमा प्रदान गरेको छ । सबै विजेताले अगामी अगस्टमा स्पेनमा आयोजना हुने अन्तराष्ट्रिय प्रतियोगितामा अन्य देशका सहभागीसँग भिड्नेछन् ।

फेसन इराले अगामी अगष्ट १ बाट लिटिल टुरिजम एम्बेसडर नेपाल पनि आयोजना गर्दैछ । जसमा बिभिन्न देशका सहभागी पनि प्रस्पिर्धा गर्न नेपाल आउनेछन् । त्यस्तै लिटिल टुरिजम एम्बेसडर पनि पनि आयोजना हुनेछ । जसका विजेताले अन्तर्राष्ट्रिय प्रतियोगितामा प्रतिस्पर्धा गर्नेछन् ।

## रंगशाला

# यू-२० विश्वकपको उपाधि उरुग्वेलाई

■ प्रभाव संवाददाता



**काठमाडौं–** फिफा यू-२० विश्वकपको उपाधि उरुग्वेले जितेको छ । अर्जेन्टिनामा गए राति सम्पन्न फाइनल खेलमा उरुग्वेले इटालीलाई १-० गोल अन्तरले पराजित गर्दै उपाधि जितेको हो । उरुग्वेको जितमा खेलको ८६ औं मिनेटमा लुसिआनो रोड्रीगेजले गरेको गोलनै खेलको निर्णायक गोल बनेको थियो ।

उरुग्वेले पहिलो पटक यू-२० विश्वकप जितेको हो । त्यस्तै पहिलो पटक यू-२० विश्वकपको फाइनलमा पुगेको इटाली भने उप-विजेतामा सीमित भयो ।

यू-२० विश्वकपको उपाधि धेरै पटक जित्ने देश भने अर्जेन्टिना हो । अर्जेन्टिनाले अहिलेसम्म ६ पटक यो उपाधि जितेको छ भने ब्राजिलले ५ पटक जितेको छ । त्यस्तै पोर्चुगल र सर्बियाले २-२ पटक यो उपाधि जितेका छन् ।

त्यस्तै तेस्रो स्थानका लागि भएको खेलमा भने इजरायलले दक्षिण कोरियालाई ३-१ गोल अन्तरले पराजित गरेको थियो ।

# प्रिन्स र रशिला एसियन गेम्सका लागि छनोट

■ प्रभाव संवाददाता



**काठमाडौं –** प्रिन्स दाहाल र रशिला महर्जन यसै वर्षको सेप्टेम्वरमा चीनको गाङजाउमा हुने १९ औं एसियन गेम्सका लागि छनोट भएका छन् ।

नेपाल ब्याड्मिन्टन संघले निर्धारित दुई पुरुष र दुई महिलाको लागि देवीनगर ब्याडमिन्टन क्लबमा आयोजना गरेको छनोट प्रतियोगिताबाट दाहाल र महर्जन सहित सुनिल जोशी र जेशिका गुरुङ छनोट भएका छन् । वैकल्पिक खेलाडीमा पुरुषतर्फ विष्णु कटुवाल र महिलातर्फ अनुमाया राई छनोट भएका छन् ।

चारै खेलाडीको एसियन गेम्सको यात्रा पहिलो हो । एसियन गेम्समा ब्याडमिन्टनको उपलब्धीलाई हेर्ने हो भने पुरुष टिम इभेन्टसमा क्वाटर फाइनलसम्मको यात्रा तय गरेको छ ।

'कोरियाको इन्चोनमा भएको १७ औं र इन्डोनेसियामा भएको १८ औं एसियन गेम्समा हामी पुरुष टिम इभेन्ट्समा क्वाटर फाइनलसम्म पुग्दै पाचौं स्थान हासिल गर्न सफल भएका छौं । तर अहिले खेलाडीको स्तर राम्रो भए तापनि खेलाडीको कोटा कम भएकोले हामी टीम इभेन्ट्समा प्रतिस्पर्धा गर्न सक्दैनौं,' अध्यक्ष रामजी बहादुर श्रेष्ठले बताए ।

खेलाडीको स्तरलाइ हेर्दा प्रिन्स जुनियरतर्फ विश्व नम्बर एक रहिसकेका छन् । यस्तै रशिला जुनियर युगलतर्फ विश्व छैटौं स्थानमा रहिसकेको संघका सचिव नविन विक्रम शाहले जानकारी गराएका छन् । छनोट हुन सफल खेलाडीहरूको मनोबल उच्च पार्ने क्रममा राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव टंकलाल घिसिङले खेलाडीहरूलाई खादा लगाएर राम्रो नतिजा प्राप्त गर्न शुभकामना दिए ।

# हिमरश्मी र एन्जल्स हार्ट सेमिफाइनलमा

**काठमाडौं (प्रस)–** हिमरश्मी र एन्जल्स हार्ट प्रथम तार्केश्वर नगर प्याब्सन अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको जुनियर ब्वाइजमा सोमबार सेमिफाइनलमा प्रवेश गरेका छन् ।

तार्केश्वर नगर प्याब्सनद्वारा आयोजित प्रतियोगितामा हिमरश्मीले काठमाडौं लिङकनलाई २२-१८ ले पराजित गर्यो । हिमरश्मीको जितमा सविन लामाले ८ अंक योगदान गरे । रूपेश पौडेलको ७ अंक सहयोगमा एन्जल्स हार्टले जीवन ज्योतिलाई १९-१७ ले हरायो ।

जुनियर ब्वाइजमै लालीगुराँस नेसनल एकेडेमी (एलएनए) ले मनमैजुस्थित घरेलु कोर्टमा सिर्जना ज्ञान सागरलाई २०-१६ तथा सिद्धार्थ मोडेलले सेक्रेट हार्टलाई २१-१८ ले पाखा लगाउदै सेमिफाइनलमा स्थान पक्का गरे । एलएनएका श्रवन गुरुङले ८ तथा सिद्धार्थ मोडलका अमिनले ४ स्कोर गरे । सेमिफाइनलमा सिद्धार्थको भेट एन्जल्स हार्टसंग हुनेछ भने हिमरश्मीले एलएनए विरुद्ध खेल्ने छ ।

सिनियर गर्ल्समा एलएनएले नर्थ भ्यालीलाई २८-१८, ल्यान्डमार्कले स्प्रिङ भ्यालीलाई १७-१०, हिमरश्मीले नर्थ प्वाइन्टलाई २०-१९ र न्यु एराले पद्मचक्रलाई २०-१५ ले पन्छ्याउदै सेमिफाइनल यात्रा तय गरे । एलएनएकी सिमरन महर्जनले १०, ल्यान्डमार्ककी नेहा श्रेष्ठले ६, हिमरश्मीकी सुनिशा मिश्रले ४ र न्यु एराकी नर्गिमा तामाङले ७ अंक बटुले । सेमिफाइनल एलएनए र ल्यान्डमार्क तथा हिमरश्मी र न्यु एराबीच हुनेछ ।

# मनोज र विदुरलाई स्वर्ण

■ प्रभाव संवाददाता

**काठमाडौं–** मनोज राणा र विदुर विष्टको जोडीले राइजिङ स्टार खुला टेनिस प्रतियोगिताको भेट्रान ६५ वर्षमाथि पुरुष डबल्समा सोमबार स्वर्ण जितेका छन् ।

राइजिङ स्टार टेनिस एकेडेमीद्वारा आयोजित प्रतियोगिताको फाइनलमा मनोज र विदुरको जोडीले अशोक कुमार र रामबहादुर तामाङको जोडीलाई ६-२ र ६-१ को सोझो सेटमा पराजित गरे ।

पुरुष सिंगल्समा निहालजंग बहादुर थापाले विशांक सुवेदीलाई ६-० र ६-०, प्रदीप खड्काले विक्की सागोल्सेनलाई ७-६ र ६-०, राजवीर प्रधानले शंकर हेस्नेनलाई ६-१ र ६-१, आरभसम्राट हाडाले सुशल मोक्तानलाई ६-० र ६-०, आयुशमान हजुर घलेले नवीन श्रेष्ठलाई ६-२ र ६-३, साहिल थापाले विपुल अधिकारीलाई ६-० र ६-०, निशान श्रेष्ठले अर्याश शर्मालाई ६-० र ६-०, अभिनव आचार्यले निजेज महर्जनलाई ७-६ र ६-२, सक्षमविक्रम शाहले उगेन शेर्पालाई ६-२ र ६-१, अभिषेक बाँस्तोलाले ओजेज महर्जनलाई ६-० र ६-० तथा अकी जुवेन रावतले देबाशिश रेउलेलाई ६-१ र ६-० ले हराउदै दोश्रो चरणमा प्रवेश गरे ।

यु-१० गर्ल्स सिंगल्समा सरा पन्तले प्रज्ञा वज्राचार्यलाई ६-० र ६-१, अनुश्री धोजुले थिअ श्रेष्ठलाई ६-० र ६-०, सर्वाना गुरुङले आयाना भद्रलाई ६-० र ६-० तथा जेनिशा ज्ञवालीले आयुश्री हजुर घलेलाई ६-० र ६-० को सोझो सेटमा पाखा लगाउदै सेमिफाइनलमा स्थान बनाए ।

यु-१२ गर्ल्स सिंगल्समा सपना मल्लले सर्वाना गुरुङलाई ७-५ र ६-३ तथा आयुश्री हजुर घलेले यजु श्रेष्ठलाई ६-० र ६-१ ले पन्छ्याउदै क्वाटरफाइनलमा पुगे । यु-१२ ब्वाइज सिंगल्समा दर्शित अग्रवाल, सानोवाज हुसैन, सन्दिप जिसी, विश्वविशेष दल्लाकोटी, हभिस बन्सल, सुजन कुइकेल र साम्खाहाङ राई आ-आफ्नो प्रतिद्वन्द्वीलाई पराजित गर्दै क्वाटरफाइनलमा पुग्न सफल भए ।

यु-१४ गर्ल्स सिंगल्समा समृद्धि महर्जनले दिब्यता भण्डारीलाई ६-० र ६-० को सोझो सेटमा पराजित गर्दै क्वाटरफाइनलमा पुग्न सफल भइन् ।

सो स्पर्धाको ब्वाइजमा असभसम्राट हाडा, श्रृजन भट्टराई, दर्शिल श्रेष्ठ र काइ प्रजापति क्वाटरफाइनलमा स्थान बनाउन सफल रहे ।

सातदोबाटोस्थित टेनिस कम्प्लेक्समा भएको यु-१६ गर्ल्स सिंगल्समा शिभाली गुरुङ तथा दिब्यता भण्डारी क्वाटरफाइनलमा पुगे । उक्त स्पर्धाको ब्वाइजमा राजवीर प्रधान, निशाद जोशी, बोरिस अधिकारी, आयुशमान हजुर घले र दर्शिल श्रेष्ठले क्वाटरफाइनलमा स्थान सुरक्षित गरे ।

नेपाली टेनिसकै सर्वाधिक पुरस्कार राशीको प्रतियोगिता अन्तर्गत भेट्रान ३५ वर्षमाथि पुरुष डबल्समा मनोज सेवा र अन्वर अली, कमल भण्डारी र यज्ञ भण्डारी, अनिल साइ र गोपी भट्टराई तथा जितेन्द्र परियार र महेश श्रेष्ठको जोडीले सेमिफाइनलमा स्थान सुरक्षित गरे ।

# अमेरिका जुलाईदेखि युनेस्कोमा पुनः सामेल हुने

**पेरिस–** संयुक्त राज्य अमेरिकाले सन् २०१८ मा वासिङ्टनले आफ्नो सदस्यता समाप्त गरेको लामो विवादको अन्त्य गर्दै यस वर्षको जुलाईदेखि युनेस्कोमा पुनः सामेल हुने योजना बनाएको संयुक्त राष्ट्रसंघको सांस्कृतिक निकायले सोमबार घोषणा गरेको छ ।

'यो युनेस्को र बहुपक्षीयताप्रतिको विश्वासको बलियो कार्य हो,' युनेस्कोका महानिर्देशक अड्रे अजोलेले पेरिसमा संगठनका सदस्य राष्ट्रका प्रतिनिधिलाई वासिङ्टनको पुनःसामेल हुने निर्णयबारे जानकारी दिँदै भने ।

युनेस्कोको संस्थापक सदस्य संयुक्त राज्य अमेरिकाले यस निकायले प्यालेस्टाइनलाई सदस्य राष्ट्रको रूपमा स्वीकार गर्दासम्म अर्थात् सन् २०११ सम्म युनेस्कोको बजेटमा प्रमुख योगदान गरेको थियो । तर, प्यालेस्टाइनलाई सदस्य राष्ट्रका रूपमा स्वीकार गरेपछि अमेरिकाको उक्त निकायसँगको विवाद सुरु भएको थियो ।

सन् २०१७ मा तत्कालीन अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इजरायलसँगै युनेस्कोबाट अमेरिका पनि बाहिरिने घोषणा गरेका थिए । यसको बहिर्गमन सन् २०१८ मा लागू भएको थियो ।

सन् २०१७ देखि युनेस्कोको नेतृत्व गर्दै आएकी फ्रान्सकी पूर्वसंस्कृतिमन्त्री अजोलेले अमेरिकालाई फिर्ता ल्याउनु आफ्नो म्याण्डेटको प्राथमिकतामा राखेका थिए । अमेरिकी उपविदेशमन्त्री रिचार्ड वर्माले एएफपीलाई लेखेको पत्रमा 'राजनीतिकरणको बहसमा ध्यान कम गर्ने' लगायत 'महत्त्वपूर्ण मुद्दा'मा प्रगति गरेकोमा वासिङ्टन अजोलेप्रति कृतज्ञ रहेको बताएका छन् ।

सन् २०११ मा युनेस्कोको योगदान स्थगन हुनुअघिसम्म अमेरिकाले युनेस्कोको कूल बजेटको करिब २२ प्रतिशत अर्थात् सात करोड ५० लाख अमेरिकी डलर तिर्दै आएको थियो । तर, तत्कालीन राष्ट्रपति जो बाइडनको डेमोक्र्याटिक पार्टीको पूर्णनियन्त्रण रहेको अमेरिकी कंग्रेसले डिसेम्बरमा संयुक्त राज्य अमेरिकालाई १५ करोड अमेरिकी डलर बजेटमा छुट्याएर आर्थिक सहायता पुनः स्थापना गर्न मार्गप्रशस्त गरेको थियो ।

अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले गत मार्चमा युनेस्कोबाट अमेरिका अनुपस्थित हुनुले चीनलाई आर्टिफिसियल इन्टेलिजेन्ससम्बन्धी नियम लेख्न दिएको बताएका छन् । 'युनेस्कोलाई उपहारको रूपमा होइन हामी युनेस्कोमा फर्कनुपर्छ भन्ने मेरो दृढ विश्वास छ । युनेस्कोलाई उपहारको रूपमा होइन । युनेस्कोमा भइरहेका कुराहरू वास्तवमा महत्त्वपूर्ण छन्,' ब्लिन्केनले बजेट प्रस्तुत गर्दा सिनेटको एक समितिलाई भने ।

'उनीहरूले आर्टिफिसियल इन्टिलिजेन्सका लागि नियम, मापदण्ड र मापदण्डमा काम गरिरहेका छन् । हामी त्यहाँ बस्न चाहन्छौं,' उनले भने । अमेरिकाले सन् १९८४ मा युनेस्कोबाट हात झिकेको थियो र करिब २० वर्षपछि सन् २००३ को अक्टोबरमा युनेस्कोमा पुनःसामेल भएको थियो ।

सन् २०२३ मा पुनः सामेल हुने प्रस्तावित योजना अब अन्तिम स्वीकृतिका लागि युनेस्कोका सदस्य राष्ट्रहरूको महासभामा पेस गर्नुपर्नेछ । केही सदस्य राष्ट्रहरू निर्णय गर्न चाँडै असाधारण अधिवेशन होस् भन्ने चाहन्छन् । *रासस/एएफपी*

# पाकिस्तानमा सडक दुर्घटनामा १३ को मृत्यु

**इस्लामावाद–** पाकिस्तानमा सोमबार भएका दुई छुट्टाछुट्टै सडक दुर्घटनामा परी कम्तीमा १३ जनाको मृत्यु हुनुका साथै अन्य ४१ जना घाइते भएका छन् ।

पाकिस्तान नियन्त्रित काश्मिरको कोटली जिल्लामा सोमबार बिहान एउटा बस गहिरो खाल्डोमा खस्दा नौ जनाको मृत्यु हुनुका साथै अन्य १८ जना घाइते भएका अधिकारीहरूले बताएका छन् । पाकिस्तानको पूर्वी पञ्जाब प्रान्तको गुजरानवाला सहरमा नायरियन क्षेत्रमा आयोजित धार्मिक समारोहमा भाग लिएर फर्कंदै गरेको बसमा करिब ३५ जना यात्रु सवार रहेको बताइएको छ ।

यसैगरी, पञ्जाबको शेखुपुरा जिल्लामा सोमबार बिहान शेखुपुरा राजमार्गतर्फ मोडिने क्रममा तीव्र गतिका कारण बस पल्टिँदा चार जनाको मृत्यु हुनुका साथै अन्य २३ जना घाइते भएका छन् । उद्धारकर्ताहरू दुई दुर्घटनास्थलमा पुगेका छन् र पीडितहरूलाई स्थानीय अस्पतालहरूमा स्थानान्तरण गरिएको उद्धार सेवाले जनाएको छ । ***रासस/सिन्हवा***


## संस्थापक शेयर खरिद गर्न चाहनुहुने महानुभावहरूलाई जरुरी सूचना

(प्रकाशित मितिः २०८०/०२/३०)

**यस संस्थाका संस्थापक शेयरधनीहरुले आफ्नो नाममा रहेको संस्थापक शेयर बिक्री गर्ने इच्छा जाहेर गरी यस संस्था समक्ष निवेदन दिएकोमा उक्त निवेदन संचालक समितिको बैठकमा पेश हुँदा रित पुर्‍याई खरिद बिक्री गर्ने प्रक्रिया अगाडि बढाउने निर्णय भएकोले सो संस्थापक शेयर खरिद बिक्रीमा साविकका संस्थापक शेयर धनीहरुलाई प्राथमिकता दिनुपर्ने विद्यमान ब्यवस्था बमोजिम संस्थापक शेयरधनीहरुको जानकारीको लागि ३५ दिने सूचना प्रकाशित गर्दा संस्थापक शेयरधनीले शेयर खरिद गर्न नआउनु भएकोले उक्त बिक्रीमा रहेको संस्थापक शेयर खरिद गर्न इच्छुक एवं नेपाल राष्ट्र बैंकवाट निर्देशन गरे बमोजिम योग्य व्यक्ती/कम्पनीले संस्थाको प्रधान कार्यालय प्रर्दशनीमार्ग काठमाण्डौमा १५ दिन भित्र निवेदन दिनु हुन अनुरोध छ । साथै बिक्री हुने संस्थापक शेयर संख्या एवं शर्तहरुका सम्वन्धमा संस्थाको मुख्य कार्यालयमा सम्पर्क राख्नु हुन समेत अनुरोध छ ।**

RELIANCE FINANCE LIMITED
रिलायन्स फाइनान्स लिमिटेड
**Head Office:** B.J. Bhawan, Pradarshani Marg, Kathmandu.
वित्तीय सेवाको अर्को परिभाषा



## कर्मचारी नरहेको सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **Muskan Overseas Pvt.ltd** इजाजत नम्बर १३४२/०७४/७५ मा कार्यरत निम्न कर्मचारीहरु हाल यस कार्यालयबाट राजीनामा दिई कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निजहरुसँग यस प्रा.लि.को नाममा बैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी विरोध भएमा ७ (सात) दिनभित्र यस प्रा.लि. मा वा बैदेशिक रोजगार कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| नाम थर | ना.प्र.नं. |
|---|---|
| प्रकाश चापागाई | ३५३०३५/३१४ |
| अलिशा कुँवर | २५६८९/२२/५ |
| प्रगिता थोकर | ३१-०१-७३-१२०२५ |

**Muskan Overseas Pvt. Ltd.**
Govt. License 1342/074/75
Samakhushi -26, Kathmandu, Nepal, Tel: 01-4959026, 4963094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **PROFESSIONAL LATEX SDN BHD**

पूर्व स्वीकृति मिति २०७९/०८/२३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/२९ | LT. No. 277349 | चलानी नं. ६०१९२९४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 200 | 0 | 1500 | ४२,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

प्रि-अन्तरवार्ता संस्थाको कार्यालयमा मितिः २०८० असार १० र ११ (25 & 26 June. 2023) मा हुनेछ

फाईनल अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार १२/१३/१४ गते (27/28/29th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

